साप्ताहिक

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

# गोरखा एक्सप्रेस

GORKHA EXPRESS NATIONAL WEEKLY

माओवादीहरुको साझा पत्रिका

वर्ष ४२ अंक ३ २०८० साउन १६, मंगलबार (Aug. 1,, 2023) मूल्य रू. १०/-

## पीडित कि पिडकको पक्षमा प्रतिवेदन ?

काठमाडौं । सत्य निरूपण तथा मेलमिलाप ऐन आयोग प्रतिवेदन संशोधन संसदीय उपसमितिमा संशोधन प्रस्तावको प्रतिवेदन तयारी भएछ । यो उपसमितिले पिडक पक्षको स्वार्थ नभई पीडितको न्यायको पक्षमा निर्भीक भएर प्रतिवेदन बनाओस् भन्ने राष्ट्रिय अन्तर्राष्ट्रिय चासो छ ।




अधिकारकर्मी र पीडितहरू भन्छन्- पीडितको पक्षमा न्याय र पीडकको पक्षमा दण्डको व्यवस्था भएन भने फेरि पनि धोका हुनेछ । त्यस्तो प्रकारको ऐन पीडित तथा अधिकारकर्मीका लागि मान्य हुनेछैन ।

# पुरानाले चलाएको नयाँ लोकतन्त्र



काठमाडौं । ०४६ सालको परिवर्तनपछि जे जति भ्रष्टाचार अथवा रक्तपात भयो, यिनैको समयमा भयो । ०६३ सालको परिवर्तन र ०६५ सालको गणतन्त्र कार्यान्वयनपछि जे जस्ता अराष्ट्रिय कर्म भए यिनकै संरक्षणमा भए । राजनीतिक धर्मको अवसान, नीति, सिद्धान्तको परित्याग र चरम अवसरवादलाई प्रेरित गर्ने पनि यिनै ३ नेता प्रेरणास्रोत हुन् । परिवारवाद हल्किएको भनौं कि संवैधानिक पदहरू खरिदविक्रीका घटना हुन्, राजनीतिलाई अपराधतन्त्र बनाउने पनि यिनै हुन् । यिनकै कारणले सुशासनले आत्महत्या गरेको छ । सेवाग्राही पाइला पाइलामा ठगिएका छन् । राजनीतिमा लागेका र प्रशासक मिलेर देशको घाँटी निचोर्दै जनताको रगत चुस्ने जुकातन्त्र हल्कनुमा यिनीहरू नै जिम्मेवार छन् । तैपनि यी तिनै नेता जवाफदेही लिंदैनन्, जिम्मेवारी पन्छाउँछन् र भन्छन्- लोकतन्त्र बलियो भयो ।

भ्रष्टाचारका अनेक काण्ड भइरहेकै छन् । कि त काण्डलाई छोपछाप पारियो, कि राजनीतिक प्रतिषोध साध्न र सत्ताका लागि काण्डलाई उछालियो । महालेखाले किटान गरेको हवाईजहाज खरिदको ४ अर्व ३५ करोडको भ्रष्टाचार काण्ड छानबिन नै भएन । अहिले बालुवाटार जग्गा माफियाकाण्ड र सुनकाण्डका प्रकरणमा छानबिनको तातो बहस चलेको छ । कतिपय प्रशासक, भूमाफिया, कर्मचारी पक्राउ परेका छन् । तर यी काण्ड बिस्तारै सेलाउने बताइँदैछ । जसरी भुटानी शरणार्थीका नाममा भ्रष्टाचार भयो, मानव तस्करी भयो, त्यसमा छानबिनको अत्तोपत्तो छैन । अदालतमा समेत राजनीति छिरेको छ, सत्ताको इसारामा कुनै मुद्दाको रातारात फैसला हुन्छ, कुनै मुद्दाको पेसीसमेत हुँदैन । यहाँसम्म कि फौजदारी मुद्दालाई समेत पेशमा राखिने गरेको छैन ।


सुनकाण्ड ताजा तातो विषय हो । १ सय ५५ किलोभन्दा बढी सुनको तस्करी पक्राउ भएको छ । तर सुनको मालिक ज्यालादारी कामदार देखिएको छ, असली सुन तस्कर विदेशी भागिसकेको बताइन्छ । छानबिनको हात तस्करको घाँटीसम्म पुग्दैन किनकि लहरोले नेताहरू मुछिएका छन् भनिन्छ ।

संसदमा पनि गर्मागर्मी बहस भइरहेको छ । लेखा समितिले सुन तस्करीका सम्बन्धमा उच्चस्तरीय छानबिन समिति बनाउन निर्देश गरेको छ । तर सरकार सत्ता टिकाउने खेलमा छ, प्रतिपक्षीलाई तह लगाउन तर्साउने दाउमा छ, सुन तस्कर समात्ने अठोट र उत्साह पटक्कै देखिदैन । न बालुवाटारको जग्गा प्रकरण, न भुटानी शरणार्थी काण्ड, न सुन तस्करीको जालो नै फाँडिएला, किनकि वाइडबडी जहाजकाण्ड यस्तै भयो ।

सुन तस्करका सम्बन्धमा एमाले कडा रूपमा प्रस्तुत भएको छ, सत्ता भाषणमा क्रान्तिकारी देखिन्छ । सत्ताका १० दल बाहेकका प्रतिपक्षीहरू सुन काण्डमा तानिएका गृह र अर्थमन्त्रीले राजीनामा दिएर छानबिनलाई सहयोग गर्नुपर्ने बताउँछन् ।

इतिहासकै सबैभन्दा ठूलो साउन २ गतेको सुनकाण्ड, त्यसअघिको बालुवाटार काण्ड, देशलाई नै बदनाम गर्ने शरणार्थी काण्डबारे ठूला दलहरू छानबिन गराउन र सत्यतथ्य बाहिर ल्याएर सुशासनमा बल पुऱ्याउनै चाहँदैनन् । ३ पुराना नेताले चलाएको नयाँ लोकतन्त्र भाँडिएको छ ।

## ओलीलाई झसङ्ग झस्किने रोग



काठमाडौं । हामीलाई मदन भण्डारीको हत्यारा थाहा छ भन्ने केपी ओली नै थिए । २८ वर्षअघि गृहमन्त्री बने, दुईपल्ट प्रधानमन्त्री पनि बनेकै हुन्, तर उनले मदन भण्डारीको हत्याराबारे केही गरेनन् । छानबिन गरौं भनेर बोल्न पनि सकेनन् ।

एमालेकै बरिष्ठ नेता तथा मदन भण्डारीकी श्रीमती राष्ट्रपति बनिन्, त्यो अवधिमा पनि मदन भण्डारीको शालिकमा फूल चढाउने काम मात्र भयो । किन ? प्रश्न जिवन्त छ, गम्भीर छ ।

तिनै केपी ओलीले दरवार हत्याकाण्डबारे सांकेतिक रोष प्रकट गरेका छन् । मदन भण्डारी र दरवार हत्याकाण्डका विषयमा उनलाई छानबिन गर्न गराउन हिजो कसैले रोकेको थिएन, आज पनि छानबिन गर्न कसैले रोकेको छैन । छ हिम्मत भने प्रतिपक्षी नेताले संसदमा प्रस्ताव लगेर पनि बहस गराए हुँदैन र ?

## कृष्ण खनाल र खगेन्द्र सङ्ग्रौला

काठमाडौं । २०७० सालमा संविधानसभाको चुनाव हुँदै थियो । प्रचण्ड काठमाडौं १० बाट उमेदवार थिए । चुनाव प्रचारक थिए- प्रा कृष्ण खनाल र कुन्साङ काका । यी दुबै बुद्धिजीवीले कीर्तिपुरको डाँडोबाट चुनाव प्रचारका क्रममा भनेका थिए- माओवादीले चुनाव जितिसक्यो । खाली नतिजा घोषणा गर्नमात्र बाँकी छ । खगेन्द्र संग्रौलाले त अझ अगाडि बढेर बोलेका थिए- म त जता हेऱ्यो उतै प्रचण्ड, प्रचण्ड देख्छु । विपक्षी कहाँ छन् र ? अन्तमा प्रचण्डले चुनाव हारे ।

यिनीहरू दुबै चुनाव प्रचारक नभइदिएको भए हुन्थ्यो, ठेस लाग्यो ।

आज कुन्साङ्काका माओवादीका प्रचण्ड आलोचक बनेका छन् । प्रा.कृष्ण खनालले गत बिहीवार टीभीबाटै भन्दैथिए- अस्तित्वको संकटमा छ माओवादी ।

विश्लेषकहरू भन्छन्- कस्ता कस्तालाई बुद्धिजीवी मान्नु परेको छ । कतै परिस्थिति फेरिएर विचार परिपक्व भएको हो कि । समयभन्दा बलवान के छ र ?

## देश संकटमा, पूर्वराजा सेल्फीमा



मैले उत्तर र दक्षिण मिलाइसकें, धन्दा मान्नुपर्दैन भनेर बंगलादेशमा आयोजित सार्क सम्मेलनमा भारतलाई अप्रिय लाग्ने बोली बोल्न उक्साउने र बोलीमा फसाउने अनि दर्शनभेट कुरेर बसेका विदेशी कूटनीतिज्ञहरूलाई भेट्नुपर्दैन भन्ने जो थिए, तिनीहरू २०६३ सालको १९ दिने जनआन्दोलनदेखि यसरी हराए कि ती भर्खर भर्खर नेपालका कूटनीतिक विज्ञ बनेर समाचारमा छाउन थालेका छन् । राजा डंकनलाई काखमा राखेर छुरा धस्ने म्यागबेथजस्तो चरित्रको त्यति ठूलो षडयन्त्रको भेउ नपाउने पूर्वराजा ज्ञानेन्द्र गणतन्त्र कार्यान्वयन भएपछि सेटिङ र षडयन्त्र सिकार भइरहेका छन् ।

कठै पूर्वराजा, देशको भार उठाउने कुरा गर्छन् र मानसिक मार र पारिवारिक भारबाट थिचिन्छन् । जयबाट उत्साहित हुन्छन्, भयबाट चाउरिन्छन् । पूर्वराजा बाहिर ननिस्कदा पुर्खाको सराप, निस्कदा ज्यानको धराप ? न गरिखानु, न मरिजानु, कस्तो धर्मसङ्कट ? मार त मार, ह्या मार । १५ वर्षदेखि देशको बेथितिमा 'मलाई दुःखी तुल्याएको छ' भन्नुबाहेक यी बुढाले गर्न के सक्लान् र अब ? सन्तान त वीरका हुन्, चक्रव्यूहमा पसेपछि फसिन्छ भन्ने वोध भएरै अभिमन्यूको नियति भोग्न तैयार नभएका हुनसक्छन् । चक्रव्यूह तोड्ने तोड श्रीकृष्ण र अर्जुनमा मात्र थियो । पूर्वराजाका साथमा उनलाई फसाउने धेरै छन् । उनी चक्रव्यूहमा फस्दा उनलाई चक्रब्यूह तोड्ने तोड भएका न श्रीकृष्ण कतै देखिन्छन्, न अर्जुन ? जो छन्, अस्वस्थामाजस्ता पूर्वाग्रही र इखालु पराईका शिखण्डमात्र छन् ।

## कांग्रेस बैठक न नीति, न निर्णय



काठमाडौं । निकै चर्चाका साथ २ महिनाको साटो वर्षदिनमा बसेको कांग्रेस बैठकबाट राजनीतिक अपेक्षा पुरा भएन ।

नेपालको चुच्चे नक्सा र अतिक्रमित भूमिबारे बहसै भएन । माओवादीसँग सत्तासहकार्य सिद्धान्तहीन भएर पनि ठिक कि बेठिक भन्ने विषयको उठान गरिएन । अमेरिकी परराष्ट्र मन्त्रालयको एक रिपोर्टमा भारतीय जनता पार्टीबाट नेपालका सबै पार्टीका प्रभावशाली नेताहरूले पैसा लिन्छन् भन्ने आरोपबारे विषय प्रवेश नै हुनसकेन । र, नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउनेजस्तो राज्यद्रोही र मानव तस्करी गरेको अपराधको छानबिन गराउनुपर्छ भन्ने कुरा पनि उठान गरिएन । बालुवाटार जग्गा प्रकरणमा सभापतिकै श्रीमती तथा सांसद आरजु राणा मुछिएको विषयमा पनि बहस हुनसकेन । के भयो त भन्दा गगन थापाको गनगन भयो, सभापति देउवा झन बलवान बने, देश र जनताका विषयमा कांग्रेस कसरी अघि बढ्ने बताइएन ।

माथिका सबै विषय नेपालको छवि धूमिल पार्ने प्रकरण थिए । आमनागरिकको मनोबल गिराउने र विश्वसामु नेपालको मानहानी विषय थिए । त्यति महत्वपूर्ण विषयलाई विषयान्तर गरेर प्रजातन्त्रको बिडा उठाएको भन्ने पार्टीको वर्षदिनपछि भएको यति निम्छरो बैठक, विश्लेषक भन्छन्- कांग्रेस धेरै कमजोर भइसकेछ ।

## बालुवाटारको जग्गा फिर्ता गर्नेलाई माफी हुन्छ ?

बालुवाटारको जग्गा सम्बन्धमा सीआइबीका एसएसपी दिनेश आचार्य भन्छन्- भूमाफिया गिरोह र पछि जग्गा खरिद गर्ने दुई प्रकारका जग्गाधनी छन् । केहीले जग्गा फिर्ता गर्दै छुटकारा पाउन निवेदन दिन थालेका छन् । पछि जग्गा खरिद गर्नेको जग्गा जफत गर्ने प्रकृया अगाडि बढेको छ ।

सीआइबीले अनुसन्धान थालेपछि जग्गादर्तावालाबाट बालुवाटारको जग्गा किन्ने खरिदकर्ताहरू त्राहीमाम भएका छन् । जग्गाधनी को को छन् ? भनेर अनुसन्धान थालेपछि सिपिका खेतान पक्राउ परिन्, उनले ८ आना जग्गा सरकारलाई फिर्ता गरिन् । जग्गा फिर्ता गरिसके पनि मुक्ति पाएकी छैनन् ।

धेरै बेचेर थोरै जग्गा फिर्ता गरेकै आधारमा सर्वोच्चका न्यायाधीश कुमार रेग्मी र एमाले नेता विष्णु पौडेलका छोरा नविन पौडेललाई मुद्दा नचलाउने निर्ण भएको थियो । तिनका हकमा माफी हुनसक्ने अर्का एक अधिकारी बताउँछन् । ४ सयभन्दा बढी संलग्न छन्, २२ जना पक्राउ परेका छन् । दलाल शोभाकान्त ढकाल र रामकुमार सुवेदीले ललिता निवासको १४३ रोपनी जग्गा कीर्ते मोहीसमेत खडा गरेर बेचबिखन गरेको प्रारम्भिक ठहर छ । मीनबहादुर गुरूङ लगानीकर्ता रहेका छन् भने नक्कली गुठी, नक्कली मोही खडा गरेर ६५ जनाको नाममा जग्गा हिनामिना गर्नेमा पूर्वप्रधानमन्त्री माधव नेपाल र डा.बाबुराम भट्टराईसमेत जोडिएका छन् ।


पक्राउ नगर्न अग्रिम रूपमा अन्तरिम आदेश लिएका १७ मध्ये कलाधर देउवा पक्राउ परे, अरू टीकाराम घिमिरे, तेजराज पाण्डे, शंकरप्रसाद सुवेदी, साबिर हुसैन, बलिरामप्रसाद तेली, दिनेशप्रसाद शर्मा, लक्ष्मीनारायण उप्रेती, हुपेन्द्रमणि केसी, जयप्रसाद रेग्मी, हरिबोल आचार्य, सुरेन्द्रमान कपाली, टीकाबहादुर बिसी, श्रीहरि पुडासैनी, अंगुरकुमार सिग्देल, टंकनाथ पौडेलका साथै तेजकुमारी अधिकारी भागेका छन् । पक्राउ पूर्जी जारी हुँदा पनि कोही हाजिर भएनन् ।

## मिटरब्याजको कानुन

काठमाडौं । मिटर ब्याजका पीडितलाई न्याय दिनका लागि बनेको विधेयक संसदका दुबै सदनबाट पारित भयो, राष्ट्रपतिबाट प्रमाणीकरणसमेत भइसक्यो । के यो ऐनले मिटरब्याज पीडितका समस्या संवोधन गर्न र तिनलाई न्यायको अनुभूति दिलाउन सक्ला त ? तथापि यो ऐन मिटरब्याजका मालिकहरूलाई फाइदा हुने खालको भयो भनेर पीडितको आन्दोलन रोकिएको छैन ।

सत्ता भन्छ- मिटरब्याज सामन्तवादको अवशेष हो, मिटरब्याजको शोषणबाट पीडितले मुक्ति पाउनेछन् । तर मिटरब्याज पीडित आश्वस्त छैनन् । सरकार मिटरब्याज पीडितको सामुन्ने उभिएर भन्न सक्दैन- अब मुक्ति पाइनेछ ।

## अनुशरण भएन वीपी र मनमोहनको



वीपी कोइराला ठूलो होइन, असल हुनु भन्थे । मनमोहन अधिकारी असल कम्युनिष्टको कुरा गर्थे । यी दुबै महारथीका पार्टी एउटा सत्तामा छ, अर्को प्रतिपक्षमा ।

तर, न कांग्रेस वीपीको सिद्धान्त, मार्गदर्शनमा चलेको छ । न त एमाले मनमोहन अधिकारीको विचार र आचरणबाट अनुप्राणित देखिन्छ ।

अर्थात्, नेपाली कांग्रेस र एमालेमा वीपी कोइराला र मनमोहन अधिकारी दुवै हारेका छन् । यी दुबै युगनेताको मानमनितो र सम्मान समाप्त भएको झैं लाग्छ । जो यिनका अनुयायी छन्, ती किनारा लगाइएका छन् । जो जाज्वल्यमान छन्, ती सबै व्यवसायी र मौकापरस्त महत्वाकांक्षीमात्र छन् । यी दुबै नेताका उत्तराधिकारी बनेकाहरू असल होइन धनी बन्दैछन्, सुशासन होइन बादशाही चलाउँदैछन् । भ्रष्ट देखिन्छन् ।

## उफ्रेरमात्र पाइएला लिपुलेक ?



## कसले बेचेर खाएछ सन्धिपत्र ?

काठमाडौं । कहाँ छ सुगौली सन्धिको सक्कल कागज ? सन १९५० को सन्धिको मूलप्रति लण्डनको एक निजी पुस्तकालयमा मात्र छ ।

पत्रपत्रिका, भेटवार्ता, कार्यक्रम र टीभी प्रोग्राममा अन्तर्वार्ता दिदै सीमाविद बुद्धिनारायण श्रेष्ठ चिच्याइरहनु भएको छ- सन्धिका सक्कलप्रति खोज्ने क्रममा नेपालदेखि अमेरिका, बेलायत पुगेँ, कतै पनि पाउन सकिन । सक्कल बुझाउन सर्वोच्च अदालतले आदेश दिएको थियो । सरकारले बुझाउला भनेको बुझाउन सकेन । बुद्धिनारायण श्रेष्ठ भन्नुहुन्छ- 'नापी विभाग वा नेपाल सरकारको कुनै निकायमा नेपालको आधिकारिक नक्सा भए त्यसको प्रमाणित प्रतिलिपि तथा सो नक्सा बनाउँदाको ऐतिहासिक पृष्ठभूमि उल्लेख गर्ने सन् १८१६ को सुगौली सन्धिको अनुसूचीसहितको प्रतिलिपि अदालतमा पेस गर्नू ।' भनेको थियो । साथै सर्वोच्चको आदेशमा सन् १८६० को ब्रिटिस इन्डियासँगको सन्धि, सन् १८२७ फेब्रुअरी १ मा इस्ट इन्डियाले प्रकाशित गरेको नेपालको नक्सा र सन् १८४६ मा लन्डनमा प्रकाशित भएको भनिएको नेपालको नक्साको प्रतिलिपिसमेत दाखिल गर्नु भन्ने आदेश भएको हो, आदेशको पालना भएन । अदालतको आदेशको सरकारले पालना नगर्नुको कारण सरकारसँग सन्धिका सक्कल प्रति नै छैन । यसकारण पनि प्रश्न महत्वपूर्ण छ- सक्कल कसले बेच्यो ? बेचेर खायो ?




भारतले आफ्नो नक्सामा नेपालका कालापानी क्षेत्र समावेश गरेर नक्सा जारी गरेपछि नेपालले पनि आधिकारिक नक्सा जारी गरिसकेको छ । भारतले नक्सा जारी गरेपछि त्यो नक्सा खारेज हुनुपर्छ र संविधानमा छापिएको नेपालको नक्सा संशोधन गरी अध्यावधिक गर्नुपर्छ भन्ने माँग राखी अधिवक्ता विश्वप्रकाश भण्डारीले सर्वोच्चमा मुद्दा दायर गरेका थिए । त्यो मुद्दाको सुनवाईको क्रममा सर्वोच्च अदालतले नेपालको आधिकारिक भूगोल दर्शाउने दस्ताबेज देखाउन आदेश दिएको हो । सर्वोच्चले माग गरेको सुगौली सन्धिको सक्कल सरकारले पेश गर्न सकेन । विभिन्न कालखण्डको भौगोलिक सिमानाको नक्साको अभिलेख, नेपाल राज्य वा नेपाल सरकार पक्ष भई अन्य मुलुक वा अन्तर्राष्ट्रिय संस्थासँग दुईपक्षीय वा बहुपक्षीय रूपमा गरेका सन्धि, महासन्धि, सम्झौता, सम्मेलन आदिको अभिलेख खोजिरहेको दुरूस्त राख्ने प्रवन्ध नेपाल सरकारले किन गर्न नसकेको होला ? छन त राष्ट्रिय अभिलेखालय पनि छ, त्यहाँ यस्ता कागजपत्र केही दुरूस्त छैनन् ।

स्मरणीय छ- नेपाल सरकार र इस्ट इन्डिया कम्पनीबीच २ डिसेम्बर १८१५ मा सुगौली सन्धिमा हस्ताक्षर भएको थियो । यही हो सुगौली सन्धि र युद्धको अन्त्य पनि । जसबाट नेपालले आफ्नो अधीनस्थ भूमिको एक तिहाइभन्दा बढी भूभाग गुमाएको थियो र अहिलेको भूगोल निर्धारण गरिदिएको थियो । ***सन्धिमा नेपालका तर्फबाट गजराज मिश्र र चन्द्रशेखर उपाध्याय तथा कम्पनी सरकारका तर्फबाट लेफ्टिनेन्ट प्यारिस ब्राडस थिए ।*** पछि थाहा भयो यो सन्धिपछि मिश्र र उपाध्यायले भारतका विभिन्न ठाउँमा ठूलो मौजा अंग्रेजबाट उपाहारमा पाएका थिए । यसकारण पनि सन्धिमा नेपालका प्रतिनिधिले चलखेल गरेका हुनसक्छन् । त्यो सन्धिको सक्कलप्रति नेपाल सरकारसँग नहुनु दुःखद छ । आज भारतसँग लिम्पियाधुरा, लिपुलेक र कालापानी लगायतका भारतले अतिक्रमण गरेका ६० हजार हेक्टर नेपाली भूगोलको प्रश्न उठेका बेलामा सुगौली सन्धिको मूलप्रति नै छैन । त्यतिबेला अंग्रेज सरकार र नेपालका वीचमा यो सन्धि भएको हो । अहिले बेलायतसँग नेपाल सरकारले त्यो सन्धिबारे किन सहयोग लिन चाहेन, यो पनि गम्भीर प्रश्न हो । नेपाल, भारत र चीनको त्रीदेशीय सीमाविन्दुमा भारतले खिचलो झिकेकाले चीनसँग पनि आधिकारिक नक्सा छ । नेपालले चीनसँग त्यो नक्साका बारेमा कुरो नउठाउनु पनि आश्चर्यकै विषय हो ।

## कोशीको भाँडभैलो र संघीय शासनको असफलता



डा. केशव देवकोटा

राजनीतिक अस्थिरतालाई निरन्तरता दिनकै लागि संघीय शासन लागू गरिएको भन्ने कुरालाई पछिल्लो पटक कोशी प्रदेशको भाँडभैलोले पनि प्रमाणित गरिदिएको छ । जहाँ नेकां र माओवादी केन्द्रले एमाले नेतृत्वको सरकारलाई जबरजस्त सत्ताच्युत गरेर असंवैधानिक बाटोबाट सत्ताकब्जागर्ने प्रयास गरेका थिए । सो प्रयासलाई सर्वोच्च अदालतले बदर गरेपछि फेरी अर्को सरकार गठनगर्ने प्रयास थालिएको छ । प्रदेश प्रमुखले सरकार गठनका लागि साउन १६ गते अपरान्ह पाँचबजेसम्मको समय तोक्नुभएको छ । जसमा बहुमत प्राप्तगर्न सक्नेलाई मुख्यमन्त्रीमा नियुक्ति गर्नका लागि दाबी पेशगर्न आह्वान गरिएको छ । जबकी यसअघि सोही बुँदाअनुसारको सरकार गठनगर्न गरिएको प्रयास असफल भएपछि प्रदेशसभामा सबैभन्दा ठूलो दललाई आह्वान गरिएको हुनुपर्ने थियो । तर सो प्रदेशमा नेपाली कांग्रेसले मुख्यमन्त्रि प्राप्तगर्ने र माओवादी केन्द्रले प्रदेशको नाम जातीय आधारमा परिवर्तन गरेर अन्य प्रदेशमा पनि भाँडभैलो मच्चाउने प्रयोजनका लागि जसरी पनि कोशी प्रदेशको सरकार कब्जागर्ने प्रयास भैरहेको छ । माओवादी केन्द्रले शुरूदेखिनै प्रदेशहरूको नाम जातीय र क्षेत्रीय आधारमा राख्ने प्रयासगर्दै आएको छ ।

प्रदेशहरूको नाम साम्प्रदायिकताका आधारमा राख्नुभनेको देशलाई जसरी भएपनि बिभाजनमा लानु हो । चारपटक सरकारको नेतृत्व गरिसकेको माओवादी केन्द्रले हालसम्म पनि देशमा राजनीतिक स्थायित्व कायम गराउने नभएर जसरी पनि द्वन्द बढाउने र देशलाई कमजोर बनाएर बिघटनतर्फ धकेल्ने प्रयास गरिरहेको छ । जसका लागि नेपाली कांग्रेससमेत माओवादी केन्द्रको अभिन्न सहयोगी भएको छ । कोशी प्रदेशमा फेरी पनि नेकां र माओवादी केन्द्रले सभामुखलाई पदबाट राजीनामा गराएर भएपनि सरकार कब्जागर्ने संभावना छ । त्यसो गरियोभने फेरी सभामुखको छनोटमा समस्या आउने देखिन्छ । कुनै पक्षमा लागेर बिवादमा आइसकेका सो प्रदेशका सभामुखबाट फेरी पनि निष्पक्ष निर्णय हुने संभावना छैन ।

केन्द्रमा कुनैपनि सरकार गठन भएको दुईबर्षसम्म हटाउन नपाइने प्रावधान राखिएको छ भने प्रदेशहरूमा महिनैपिच्छे सरकार परिवर्तन हुनसक्ने व्यवस्था गरिएको छ । जसको मूलध्येय देशमा कुनैपनि विकासका काम हुननदिने र राजनीतिक कलह बढाउने नै हो । जुन कुरा संघीय शासन लागूभएको पाँचबर्ष यताको प्रदेशहरूको अवस्थाले प्रष्ट पारेको छ । गत असार २१ मा गठन भएको सरकारले दीर्घकालीन असरगर्ने बिभिन्न निर्णय गरिसकेको थियो । त्यसैगरी उक्त सरकारले ठूलो रकम खर्चपनि गरेको छ । सर्वोच्च अदालतले उक्त सरकारनै असंवैधानिक ठहर गरिसकेकाले सो सरकारका पालामा भएका काम कारवाहीहरूसमेत असंवैधानिक हुनपुगेका छन् । तर त्यसलाई सही साबित गराउने प्रयास भएका छन् ।

सर्वोच्च अदालतले साउन ११ को पूर्ण इजलाशबाट जुन विन्दुबाट संविधानको प्रयोग र पालनमा त्रुटिभएको हो सोही अवस्थाबाट संविधानसम्मत तवरले सरकार गठनको प्रक्रिया अगाडि बढाउन आदेश दिएको थियो । सर्वोच्चले कोशी प्रदेशको पछिल्लो सरकार अवैध ठहर गरेपछि त्यस्तो सरकार गठनगर्ने प्रदेश प्रमुख र असंवैधानिक तरिकाले समर्थनगर्ने सभामुखको पदसमेत धरापमा परेको अवस्था हो । यस्तो अवस्थामा प्रदेश प्रमुख र सभामुख दुबैले नैतिकताका आधारमा पदबाट राजीनामा गरेको हुनुपर्ने थियो । तर केन्द्र सरकारको आड भरोसामा उनीहरू आफ्ना असंवैधानिक कामलाई पनि सही साबित गराउने प्रयास गरिरहेका छन् । सर्वोच्चले कोशी प्रदेशमा पछिल्लो पटक मुख्यमन्त्री घोषित गरिनुभएका उद्धव थापाको नियुक्ति बदर गरेपछि नैतिकताका आधारमा पनि उहाँ सोही मुख्यमन्त्रिको उम्मेदवार हुन नमिल्नु पर्नेमा नेकां र माओवादी केन्द्रले फेरी उहाँलाईनै मुख्यमन्त्रिको उम्मेदवार बनाउने प्रयास गरेका छन् । जसका लागि केन्द्रका सत्ता गठबन्धनको बैठक पटक, पटक बसिरहेको छ । सर्वोच्च अदालतका न्यायाधीश तिलप्रसाद श्रेष्ठ, आनन्द मोहन भट्टराई र ईश्वरप्रसाद खतिवडाको पूर्णइजलासले कोशी प्रदेश सरकार गठनमा सभामुख बाबुराम गौतमको हस्ताक्षरलाई त्रुटीपूर्ण भएको ठहर गरेको छ । अदालतले सभामुखको भूमिका प्रदेशसभामा राजनीतिकरूपमा तटस्थ र निष्पक्ष रहनुपर्ने कुरा नेपालको संविधानले प्रष्ट व्यवस्था गरेको उल्लेखगर्दै कुनैपनि निर्णय प्रदेशसभामा हुननसक्ने वा अनिर्णयको बन्दी प्रदेशसभा बन्न नजाओस् भनि प्रदेशसभामा हुने निर्णयमा मत बराबर भएमा निर्णायक मतमात्रै प्रदानगर्न पाउने अधिकार नेपाल संविधानको धारा १८६ मा व्यवस्था रहेको स्मरण गराइसकेको छ ।


सर्वोच्चको आदेशमा नेपालको संविधानको धारा १६८ को उपधारा दुई बमोजिम अर्को सरकार गठनगर्ने बिकल्प रहेसम्म सो बिकल्प अपनाउनु वाञ्छनीय देखिएको, उक्त धारा १६८ को उपधारा २ बमोजिम सरकार गठनगर्न मिल्नेनै अवस्था रहेको र जुन बिन्दुबाट संविधानको प्रयोग र पालनामा त्रुटिभएको हो, सोही अवस्थाबाट संविधानसम्मत तबरले प्रक्रिया अगाडि बढाउनु मनासिव हुने देखिएको भनेको छ । त्यसैले फेरी पनि नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम प्रदेश सभाको बहुमत प्राप्तगर्न सक्ने प्रदेश सभाको सदस्यलाई मुख्यमन्त्री पदमा नियुक्त गर्नुपर्ने अवस्था आएको छ ।

९३ सदस्यीय कोशी प्रदेशसभामा एमालेका ४०, कांग्रेसका २९, माओवादी केन्द्रका सभामुखसहित १३, राष्ट्रिय प्रजातन्त्र पार्टीका ६, एकीकृत समाजवादीका चार र जनता समाजवादी पार्टीका एक सांसद रहेका छन् । सभामुख बाहेक सत्ता र विपक्षी गठबन्धनसँग ४६-४६ सांसद रहेको अवस्था छ । त्यसैले फेरी पनि सभामुखको मत बिना नयाँ सरकार गठन हुने कुनै संभावना छैन । यस्तै अवस्था होभने कि त एमालेको अल्पमतको सरकार गठन गर्ने, कि सर्बदलीय सरकार गठन गरेर मध्यावधी निर्वाचनमा जानैपर्ने अवस्था आउने छ ।

यता केन्द्रमा पनि बर्तमान सरकार टिक्ने कुनै संभावना देखिएको छैन । आगामी भदौ १५ भित्र बिवादास्पद अमेरिकी योजना एमसीसी कार्यान्वयनमा जानुपर्ने भएको छ । ०७८ फागुन १५ गते संसदबाट सो परियोजना पारित भएको घोषणा गराउन नेकां, एमाले र माओवादी केन्द्रले प्रमुख भूमिका निर्वाह गरेका थिए । त्यसैले त्यसको कार्यान्वयनमा पनि उक्त तीन दलको भूमिका अपेक्षित मानिएको छ । जसका लागि हालकोजस्तो अल्पमतको प्रधानमन्त्रि र बहुमतको समर्थन भएको खिचडी सरकारबाट संभव देखिएको छैन । अब कि त नेकांको नेतृत्वमा एमाले र माओवादी केन्द्र सहितको सरकार बन्नुपर्ने हुन्छ, किभने नेकांको नेतृत्वमा एमालेसहितको बलियो सरकार गठन हुनैपर्ने अवस्था छ । ०७९ मंसिर चारको निर्वाचनले पनि नेकांको अल्पमतको सरकार वा नेकांको नेतृत्वमा एमालेसहितको सरकार गठनगर्ने जनादेश दिएको थियो । त्यतिबेला नै संसदको सबैभन्दा ठूलो पार्टी नेपाली कांग्रेसले जनादेशलाई बुझेर एमालेसहितको सरकार गठन गरेको भए हालकोजस्तो अन्योलको अवस्था आउने थिएन । निर्वाचनको जनादेश एकातिर तर दलहरूको गठबन्धन अर्कातिरहुँदा हालको अवस्था आएको हो । अबका दिनमा राष्ट्रिय र अन्तराष्ट्रिय परिस्थितिका कारणले पनि एमालेलाई सरकारमा नलगी नहुने अवस्था सिर्जना भएको छ । केन्द्रको सरकार परिवर्तन भएको खण्डमा फेरी सबै प्रदेशहरूमा सरकार परिवर्तन हुने अवस्था सिर्जना हुन्छ ।

राष्ट्रिय राजनीतिमा संघीयता, जातीय समाबेशी र समानुपातिक निर्वाचन प्रणाली मुख्य समस्याका रूपमा देखापरेका छन् । जसलाई हटाउनका लागि सर्बदलीय र सर्बपक्षीय भेलाको आयोजना गरेर सो भेलाको सहमतिका आधारमा संविधानमा संशोधन गर्नुपर्ने हुन्छ । यसअघि संविधान बनाउँदाकै अवस्थामा संघीयता, धर्मनिरपेक्षता र निर्वाचन प्रणाली लगायतका बिषयमा जनमत संग्रहको माध्यमबाट टुंगो लगाइएको भए आजको यो अवस्था आउने थिएन । तर जबरजस्त पश्चिमा राष्ट्रका एजेण्डा लाद्ने काम भएको थियो । केही समूहहरूले आफूहरूले देशमा गणतन्त्र ल्याएको दाबि गरिरहेका छन् । तर गणतन्त्र नाममात्रको रहेको छ । जसको चरित्र लोकतान्त्रिक हुनसकेको छैन । समयमानै संघीयता, जातीय समाबेशी र समानुपातिक निर्वाचन प्रणालीजस्ता कुराहरू हटाइएनन्भने त्यसले गणतन्त्रलाई मात्र होइन देशलाई नै अनपेक्षित राजनीतिक दुर्घटनामा पार्नसक्ने संभावना छ ।

## धरानमा अग्रसेन–माधवी शुद्ध पानीको प्याऊ निर्माण



धरानमा अग्रसेन-माधवी शुद्ध पानीको प्याऊ निर्माण गरिएको छ । श्रावण १२ गते शुक्रबार नेपाल अग्रवाल महिला मञ्च धरान द्वारा नेपाल संस्कृत विश्वविद्यालय, पिण्डेश्वर विद्यापीठमा अग्रवाल समाजका कुलपिता अग्रसेन कुलमाता माधवीको नाममा स्थापित 'अग्रसेन माधवी शुद्ध पानीको प्याऊ' निर्माण गरी जनहितार्थ एक कार्यक्रम सम्पन्न गर्दै हस्तान्तरण गरिएको छ ।

अध्यक्षता अग्रवाल महिला मंचकी अध्यक्ष इन्दु तोदी एवं संचालन कोषाध्यक्ष श्वेता अग्रवालले गरेका थिए ।

कार्यक्रममा मंचका पदाधिकारीगण, बोर्ड सदस्य, मंच सदस्य लगायत प्रमुख अतिथि मारवाड़ी सेवा समिति अध्यक्ष अनिल अग्रवाल, विशिष्ट अतिथि समाजसेवी गौरीशंकर अग्रवाल, पितरूमल अग्रवाल, मारवाडी युवा मंच, धरानका अध्यक्ष दिनेश पटवारीको उपस्थिति रहेको थियो । त्यसै गरी पिण्डेश्वर संस्कृत क्याम्पसबाट क्याम्पसका प्रमुख काशीनाथ पौडेल, उपप्रमुख भवानिशंकर भट्टराई, लेखा प्रमुख पद्मबहादुर बली, क्याम्पस निरिक्षक हरिनारायण बासकोटा साथै अन्य कर्मचारी तथा विद्यार्थी भाइहरूको उपस्थिति रहेको थियो।

यस खानेपानीको उपकरण जडानबाट विद्यार्थीहरूका साथसाथै शिक्षक तथा कर्मचारीहरू लाभान्वित भएका छन् ।

## राजा ल्याऔं भन्नेहरूको सत्याग्रहको समापन

स्वतन्त्र नेपाल र स्वाभिमान नेपाल जोगाई आएको राजतन्त्रको भूमिका र नेपाल र नेपाली जनताको स्वार्थलाई प्राथमिकतामा राखेर २०८० साल जेष्ठ २७ गते, शनिबार देखि २०८० साल श्रावण ९ गतेसम्मको कठोर, पानीघाम, विघ्न बाधामा समेत समर्पित रही निरन्तर चलेको शान्तिपूर्ण सत्याग्रहको समापनपछि सत्याग्रहबाट जनतामा के कति जागरण ल्याउन सकियो भनेर सत्याग्रही समूहले समिक्षा कार्यक्रम सम्पन्न गरेका छन् ।

आगामी राजनीतिक मार्गचित्र प्रस्तुत गर्न शरदचन्द्र दाहालको संयोजकत्वमा ९ सदस्यीय तयारी समिति गठन गरेको छ ।

सो समिक्षा कार्यक्रममा माया पाण्डेद्वारा २०५२ साल देखि बाबुराम, प्रचण्डहरूले नेपाली-नेपाली बिच मार्ने र मराउने कार्य भइरहेकोमा निन्दा गर्दै दु:खी नेपालीहरूको प्रतिनिधित्व गर्दैसत्याग्रहमा आएर बसेका हौं भन्ने स्वागत मन्तव्य राख्नु भएको थियो ।



सत्याग्रही प्रेम चन्द ठकुरीले सेनालाई ध्वस्त पार्ने, सेनाको मनोबल गिराउने कार्य भइराखेकोले सचेत हुनु पर्छ भन्ने धारणा राख्नुभयो । सो कार्यक्रममा दाङ्गका लाल मतिया, मुक्तिनगरका दिल ब. चौधरीले हाम्रो माग पुरा गर्नको लागि आन्दोलन छेड्न यहाँ आएका छौं भन्नुभयो ।

गणेश बज्राचार्य, श्याम सापकोटा, विष्णु तण्डुकारले पनि बेथितिको आक्रोश पोख्नुभएको थियो । कवि बलाराम गौतम ले लोकतन्त्रका नाममा दैत्यराज चलेको बताउनु भो ।

शरद चन्द दाहालले १ अरब ८४ करोड हिन्दूहरूको पवित्र स्थल नेपाल हो, वर्तमान कालरात्रिको समाप्ति राजतन्त्रको पुनर्स्थापनाबाट मात्र समभव भएको बताउनु भयो ।

सभापतित्वको आशन ग्रहण गर्नुहुने घनेन्द्र बहादुर बस्नेतले प्रधानन्यायाधिशले समेत न्याय नपाएको मुलुकमा माइतीघर मण्डलामा विभिन्न माग राखेर आन्दोलीतहरूको माग पुरा हुनेछैन भन्ने निष्कर्ष सुनाउँदै २०४७ को संविधान बमोजिम राष्ट्रिय एकताका प्रतिक राजा स्थापित भए पछि मात्र प्रत्येक नेपालको माग सम्बोधन गर्न सकिन्छ । तसर्थ राष्ट्र र राष्ट्रियताको मुद्दा उठाएर चलिरहेको सत्याग्रहमा प्रत्येक नेपालीले आआफ्ना ठाउँबाट एकाकार हुन आवश्यक छ भन्नुभयो ।

कार्यक्रम संचालक थिए सत्याग्रहका व्यवस्थापक शंकर मघैया । मघैयाले जेष्ठ १९ गतेदेखि चलेको यो सत्याग्रह राजा वीरेन्द्रप्रति समर्पित थियो भने नेपालको सामरिक महत्वलाई बुझी नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भनि विश्व समक्ष प्रस्ताव राखीबक्सने देशभक्त, शान्तिप्रिय राजा वीरेन्द्रवाट जारी गरिबक्सेको नेपाल अधिराज्यको संविधान नै नेपाल राष्ट्रको सुरक्षा कवच हो, अहिले चौतर्फी वैदेशिक हस्तक्षेप हुनसक्ने भएकोले यथासम्भव हाम्रो उद्देश्य प्राप्तिको लागि सबैमा कार्यगत एकता र समर्थनको लागि आग्रह गर्छु भन्नुभएको थियो ।



# जति लुटे पनि छुट छ, लुट लुट

आजकल हर्कमान विहानदेखिनै माईतीघर धाउन थालेको छ । उनी पहिले अदालत तिर धाउथे । अदालत धाउँदा धाउँदा हर्कमान थर्कमान पो भएछन् । यसो अलि खाइलाग्दो मान्छे देख्यो कि आँखा राता राता पार्छन् र त्यही मुठ्की बजार्न पाए हुन्थ्यो जस्तो गर्छन् । उनको त्यो आवेगपूर्ण पारादेखेर छिमेकीहरू पनि तीन छक्क नै परेका छन् !

हर्कमान मात्र कहाँ हो र उनकै सँधीयार भैरव काका त सानोतिनो खुकुरी नै पो वोकेर हिडेका छन् त ? जहाँ पायो त्यही छप्काउँछु भन्छन् अरू त कुरै गर्न मान्दैनन् । पल्टने स्वभाव, अवकाशको 'लाइफ' मा पो देखाउन थाल्या छन् । विचरा भैरव काका जीन्दगी भरी पल्टने बनेर बगाएको रगत पसिनाको कमाई क्वाप्लाक्कै खाईदिए पनि खुकुरी नवोकेर फूल अक्षता वोकेर हिडुन् त ?

हुन त उही बेला देखि नै चलेको छ क्या एउटा उखान ! ठूलो चैन, सानालाई ऐन । ठूलोले जति नै अपराध गरेपनि छुट हुन्छ तर सानाले सानो गल्ती गरे पनि कडा नै खेप्नु पर्छनी । अहिले हर्कमानहरू थर्कमान भएका छन् । भैरव काकाहरू डाँकाहरूको फन्दा परेका छन् ।

केही समय अगाडि काठमाडौं शराँ एउटा चर्चा हुन्थ्यो घर घरमा सहकारी कोठा कोठामा बेरोजगारी । अहिले भएकै त्यही छ । सवै बेरोजगार जस्तै भएका छन् त्यसैले त माइतीघर धाउन थाल्या छन् । थोपा थोपा लगाई, सहकारीका आका आई, उत्पादन बढाई, राम्रो हुन्छ कमाई भन्दै सरकाराँ बस्नेहरूले नै नारा बनाकाले हर्ककामन भैरव काकाहरू अहिले माइतीघर धाउने पुगेका हुन् ।

सोझा हर्कमानहरूलाई बर्खाको भेलले काठमाडौंको घर डुवाए जसरी जीन्दगीको कमाई नै डुवाउने सहकारीले तरकारी खाए जसरी भएभरको खाईदिए पछि क्यार्नु त ? न त गाउँमा बस्नु सकियो नत आफ्नो पैसो फिर्ता आउने देखियो । व्याज माथि स्याँज, स्याँज माथि स्याँज गरेर क्वाप्लाक्कै खाईदिएपछि मर्नु न बाँच्नु भयो भन्दै माइती घेर्ने आईपुगेका हुन नी बुढा भैरव काका पनि ।

सहकारीले पनि लुट्दियो, साहुले पनि लुटदियो । यता गएपनि लुट्ने उता गएपनि लुट्ने । पालैपालो लुटेको छ लुटेको छ । हुन त अहिले लुटकै राज्य चल्याँ छ । पालैपालो लुट्ने त हो ! जसले सक्छ त्यसैले लुट्छ । लुट्न सक्ने छुट्न सक्छ । मिटरव्याजी पनि लुटिएका हुन, सहकारीले पनि लुटिएका हुन् । देशको सिमाना पनि लुटिएकै छ । सत्तामा तीनजनाले मिलेर पालैपालो लुटेकै छ । कहिले उसको पालो, कहिले उसको पालो । मजाले मस्तै लुट्न त पाईएको छ नि ।

लुट्नेहरू महलमा सरर, लुटिनेहरू माईतीघरमा आँशु चुहाउँदै बरर । हाम्रै नेपालमा । भैरव काका पनि लुटिएकै हुन्, हर्कमान पनि लुटिएकै हुन् । को कसरी किन लुटियो भन्ने त होला ? बुढाहरू सानो लोभमा पर्दा भसक्कै परे त । माईतीघरमा अहिले कोकोहोलो मच्चाएर के होला र ? लुट्ने सिंहदरबार भित्र छ । लुटिने गेटमा धर्ना दिईरहेको छ । अनि कसरी हुन्छ होला ?

भए होला नभए नहोला कसको बाउको के जान्छ । न त हर्कमानलाई थर्कमानको डर, न त भैरव काकालाई डाँकाहरूको । अव त सवै सक्किगो त ।

यसो हेर्‍यो कहिले शेरबहादुर, कहिले ओली कहिल दाहाल पालैपालो देश लुटेको त हो नै । देश चलाउनेले देश लुटिरहन मिल्छ भने फकाएर, भजाएर, लुटेकालाई के को तनाव । कसैले व्याज बढी दिएर, कसैले व्याज बढी लिएर । लुटेकै त हो ? शासकले लुट्न सिकाएपछि नलुटि भो ?

पहिले पहिले लुटिनेहरूको जवाना थियो । सहयोग पनि लुटिनेलाई हुन्थ्यो । अहिले जवाना फेरिएको छ । अव त लुट्नेको भाग्य रेखा बलियो बनेको छ । लुट्नेहरूलाई नै शक्तिशाली साथ मिल्छ ! त्यही भएर स्याल हुँइयाल भन्छ नि खै त्यो केरे के रे नाम ? व्याज हानेको हानै छ । त्यसलाई छप्काउनु पर्छ नि । खुल्लम खुल्ला छप्काउछु भन्नेलाई तालीले स्वागत गर्ने देशाँ नलुटेर सुख पाईन्छ त ?

त्यही भएर हर्कमान र भैरव काकाका भाग्य रेखा बलियो छैन पो भन्छन् । भाग्य बलियो हुने भइदिएको भए बर्खाको भेलमा माईतीघरको मेलामा कहाँ भेट हुन्थ्यो र ! माइतीघर र सिंहदरबारको दुरी कति छ र ? सिंहदरबार र बानेश्वरको सेतो दरबारको सम्वन्धलाई जलप लगाउने को छैन र ? सिंहदरबारमा लुट्नेहरूले कलम धक्काउँछन् । सेतो दरबारमा लुट्नेहरूका लागि मुख बर्साउँछन् । लुटिने मूला जनताका लागि खुच्चिङ्ग खुच्चिङ्ग भन्दै ताली पड्काउँछन् ।

आखिर पड्काउने कै चर्चा हुने त हो नि ? कतै भोट पड्काउने, कतै नोट पड्काउने, कतै कमिशन पड्काउने, कतै घुस जुस जे पनि पड्काउने । कार्यापालिका देखि न्यायपालिकासम्मले मिठो मान्ने । लुट्नेलाई नै छुट नै छुट । यति राम्रो व्यापार छ कि लुट भन्ने त्यसको हिसाव किताव नै हुँदैन । सायद त्यस्तो हिसाव किताव त महालेखाले पनि देख्दैन । महाको लेखाले त दैख्दैन भने अरूले देख्ने त कुरै हुँदैन । पसलमा लुट, स्कूलमा लुट, कलेजमा लुट, वसमा लुट, बाटोमा लुट, कार्यालयमा लुट । सहकारीमा लुट, वैकमा लुट, व्याजमा लुट, अस्पतालमा लुट । खाद्यान्नमा लुट । यस्तै लुट्दै लुट्दै पशुपतिमा लुट, चन्दामा लुट । दान दक्षिणामा लुट, धर्मकर्ममा लुट । लुटै लुटलाई छुट हुने भएकैले होला मरेपछि आर्यघाटमा पुगेर जलिरहँदा पनि अर्कोले गर्छ फेरि महालुट ।

जताजतै लुट नै लुट भएपनि लुटलाई छुट दिँदै लुटको खेती गरौं । लुटलाई नै व्यापार बनाऊँ । लुटलाई नै व्यवसाय गरौं । लुट्न नजान्नेलाई सात डाँडा कटाऊँ ।

लुट नेपालको लोकतान्त्रिक खेती किसानी बनेको छ । बन्दव्यापार, उद्योगधन्दा बनेको छ । लुट ।


बैकुण्ठ भण्डारी




# तीन विशिष्ट व्यक्तित्वको अभिनन्दन

साउन १३ । साहित्यिक पत्रकार संघले एक विशेष कार्यक्रम आयोजना गरेर तीन विशिष्ट व्यक्तित्वहरूको अभिनन्दन गरेको छ । अभिनन्दन गरिएकाहरूमा नेपाली संस्कृतिका विशिष्ट संस्कृतिविद् डा. जगमान गुरूङ, वरिष्ठ आख्यानकार गीताकेशरी र वरिष्ठ कलाकार मदनदास श्रेष्ठ हुनुहुन्छ । अभिनन्दन गरिएका पात्र चयन उत्कृष्ट मानिएको छ ।




अध्यक्ष राधेश्याम लेकालीका अनुसार साहित्यिक पत्रकार सङ्घको स्वर्ण महोत्सवको सन्दर्भ पारेर उहाँहरूलाई अभिनन्दन गरिएको हो । प्रमुख अतिथि संविधानसभाका अध्यक्ष एवम् पूर्व सभामुख सुवासचन्द्र नेम्बाङ, विशिष्ट अतिथि प्रतिनिधिसभा सदस्य एवम् राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन र प्रतिनिधिसभा सदस्य एवम् नेपाली काङ्ग्रेसका नेता शंकर भण्डारी, सङ्घका अध्यक्ष राधेश्याम लेकाली लगायतले उहाँहरूलाई अभिनन्दन गर्नुभएको थियो । कार्यक्रममा इतिहासविद् प्रा.डा. सुरेन्द्र केसी, सङ्घका पूर्व अध्यक्ष नरेन्द्रबहादुर श्रेष्ठ, गुन्जनका पूर्व अध्यक्ष हिरण्यकुमारी पाठक, नेपाल स्रष्टा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ र साहित्यकार उन्नति बोहरा शीलासमेतको सहभागिता थियो ।

कार्यक्रममा प्रमुख अतिथि सुवासचन्द्र नेम्बाङले लेखक साहित्यकारहरूले देशमा सधैं गाईजात्रा भइरहेको छ भनेर गुनासो गर्नुभन्दा त्यस्ता गाईजात्रा गर्नेहरूसम्म आफ्ना विचार पुऱ्याउने र उनीहरूलाई ठीक बाटोमा ल्याउनेतर्फ लाग्नुपर्ने बताउनुभयो ।

विशिष्ट अतिथि राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङदेनले देशमा बढ्दो विकृति र विसङ्गतिविरूद्ध स्रष्टाहरू फेरि जागरूक हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । सक्रिय राजनीतिमा लागेपछि आफूले सिर्जनात्मक कार्यमा समय दिन नसके पनि साहित्य आफ्नो रूचिको विषय भएको र साहित्यकारप्रति उच्च सम्मान रहेको बताउनुभयो ।

पूर्वमन्त्री नेपाली काङ्ग्रेसका नेता शंकर भण्डारीले यो देशको निर्माणमा पृथ्वीनारायण शाहको योगदानलाई कसैले पनि नकार्न नसक्ने बताउँदै नयाँ निर्माण हुन लागेको संसद भवनको प्राङ्गणमा उहाँको प्रतिमा राख्नुपर्ने धारणा राख्नुभयो । भण्डारीले आजको कार्यक्रम आफ्नो जीवनकै ऐतिहासिक कार्यक्रम भएको पनि बताउनुभयो ।

सम्मानित व्यक्तित्वद्वय डा. जगमान गुरूङ र मदनदास श्रेष्ठले समेत बोल्नुभएको उक्त कार्यक्रममा वरिष्ठ समालोचक प्रमोद प्रधानले सम्मानित व्यक्तित्वहरूको साहित्य र साहित्यका माध्यमबाट राष्ट्रमा भएको योगदानमाथि प्रकाश पार्नुभएको थियो ।

अध्यक्षको आसनबाट सङ्घका अध्यक्ष राधेश्याम लेकालीले साहित्यिक पत्रकार सङ्घले ५० वर्षदेखि साहित्यिक पत्रकारिता, साहित्य, कला, संस्कृति आदिका क्षेत्रमा गर्दैआएको योगदानको स्मरण गर्नुभयो । उहाँले साहित्यिक पत्रकारहरूको हकहितको सुरक्षा र सहयोगका लागि छुट्टै निकायको आवश्यकतामा जोड दिनुभयो । साथै उहाँले समाजसेवी शोभित उप्रेतीसितको सहकार्यमा शैलुङमा 'स्रष्टा गृह'को संचालन गरिने पनि बताउनु भयो ।


# मुक्तकका प्रयासहरू : सधैं रङ्ग रमितामा छाउनेलाई के भनौं ?


लामो समयपछिको अवसर छोपेर हिंडियो
यही आत्मीयता नै धन हो सोचेर हिंडियो
कुतूहल र खुलदुलीहरूलाई पोको पार्दै,
न्यायमूर्तिज्यूका कोसेली बोकेर हिंडियो ।

**- खगेन्द्र गिरि कोपिला**


बलवान हुन्छ समय आफैं, पर्खन सक्नुपर्छ
नकारात्मक प्रभावबाट सधैं तर्कन सक्नुपर्छ
मत्लबमा हात चाट्ने, पछि कुरा काट्ने चिनेर
दर्जा अनुसारको व्यवहार छर्कन सक्नुपर्छ ।

**- गीताश्री शर्मा, सिक्किम**


बसेर सिसाको महलमा अरूमाथी ढुङ्गा हान्नेहरूलाई
आफन्तको प्रगति देख्न नसक्दा खुट्टा तान्नेहरूलाई
खबरदारीको मिठो संदेश लगेर सुनाइदे ए समाज
ढोङ्गीलाई भगवान मानी अरूलाई निच ठान्नेहरूलाई

**- अचल पोखेल, सिक्किम**


धरतीमै जुन लाग्छ हजुर धरतीमै घाम लाग्छ
जुन घाम मात्र होइन धरतीमै तमाम लाग्छ
आकाशछुने औकात पनि धरतीमै नुहेको देखेकै हो
जतिमाथि उडेपनि महोदय भुँइमान्छेनै काम लाग्छ

**- उदय लामा, सिक्किम**


कहाँ जन्म्यौ हुर्क्यौं सनातन भुल्छौ अनि
पराइको वनपाखामा ढकमक्क फुल्छौ अनि
देशको रक्षा विकासमा ध्यान लाउँदै फर्किएर
सञ्जालको माध्यमबाट थर्काउँदै डुल्छौ अनि ।

**- मनीषा प्रसाईं**


पृथ्वीमा नारी भएर जन्मिनु अभिषाप हो,
आफ्ना लागी बाँच्नु भने अझै ठूलो पाप हो,
सर्वत्र हुने बिसंगतीको जिम्मेवार नारी नै हुन्,
न भित्र्याउनु घर, नारी त अभिमन्त्रित श्राप हो ।

**- इन्दु तोदी**


धरातलमा भएर पनि सगरकै कुरा गरूँ झैं लाग्छ
अहोरात्र सङ्घर्षरत बगरकै कुरा गरूँ झैं लाग्छ
हरदिन हरपल कुरा काट्न तल्लीन झुण्ड देख्दा
सभ्य मानवहरू बस्ने नगरकै कुरा गरूँझैं लाग्छ ।

**- लक्ष्मी मुडवरी पण्डित**


सधै रङ्ग रमितामा छाउनेलाई के भनौं
जिवन्त सतही माया लाउनेलाई के भनौ
भन्न मन थियो जीवनअनमोल उपहार हो
बास्ना खोज्दै कस्तुरी धाउनेलाई के भनौ ?

**- गंगा दहाल**


गोठालो भई भैंसी चराउँदै पढेका ति दिन सम्झिन्छन्
हातमुख जोर्नलाई धौ- धौ परेको कठिन सम्झिन्छन्
बालापनको दुःखले नै संघर्ष गर्न सिकाउने रैछ हजुर
अर्वपति बनेनि धरातल त्यही पाखो जमिन सम्झिन्छन्


**- धर्मिला कार्की**


नेपाली चोली सारीको पहिरन नारी हुन्
किन सम्झिदैनन् नारी इज्जतदारी हुन्
श्रृष्टिले घर सिङ्गारी सेवा मायाँले सधैं
उनकै खुशीमा रमाउने महान उपकारी हुन् ।

**- अमृता रामदाम**


नढाँटी भन्दा अरू हैन है आस हो जिन्दगी
आस चै के को त्यो नै त खास हो जिन्दगी
संतोकी सदा सुखी असंतोकी सदा दुखी...
खुसी हुन जान्नेको नै त पास हो जिन्दगी !

**- पवनकुमार बुढाथोकी**


पीडा लुकाएर हाँस्न सिकाउँछ तिम्रो शहरले
पटुका कसाएर बाँच्न सिकाउँछ तिम्रो शहरले
आफन्त त अभरका बेला दर्शक हुँदा रहेछन्
वेदना दबाएर नाच्न सिकाउँछ तिम्रो शहरले ।


**- कला ढकाल**

*केही मुक्तकहरू संकलन गरेर पठाइदिनु भएकोमा **मुक्तकिला मित्रहरू**लाई हार्दिक धन्यवाद ।*




# कवि शिरोमणि लेखनाथको सम्झना

*कसैको लोकमा छैन एकैनाश समुन्नति*
*अरूको के कुरा हेर संध्यामा सुर्यको गति*
*छोटो बढे पछि भारी फुर्ती ढाँचा बढाउँछ*
*उर्लँदो खहरे हेर कत्तिको गड्गडाउँछ*
*सानै देखि छुँचो हुन्छ दुष्ट मानिसको मति*
*घोच्ने ती जङ्गली काँडा पहिले नै तिखा कति*
*योग्य स्थान बिषेमान सानाले पनि पाउँछ*
*कृष्णाका तटको ढुङ्गो देवता कहलाउँछ*
*उपकारी गुणी ब्यक्ति निहुरिन्छ निरन्तर*
*फलेको वृक्ष को हागो नझुकेको कहाँ छ र*
*मेटिंदैन कसैबाट आफ्नो त्यो कर्म पद्धति*
*बनबासी बने राम चौधै भुवनका पति*
*संगले पनि जाँदैन दुष्ट को दुष्टता रिस*
*श्रीखण्डमा बसी सर्प कहाँ हुन्थ्यो र निर्विष*
*मूर्खका मनमा अर्ती गालितुल्य विजाउँछ*
*दूध पान गरी सर्प खाली विष बहाउँछ*



*-कवि शिरोमणि लेखनाथ*

**दूरसञ्चार उपभोक्ताहरुसंग सम्बन्धित गुनासो दर्ता गर्ने सम्बन्धी सूचना !**

[illegible] (Complaint Handling System) [illegible] Website मा [illegible] "गुनासो व्यवस्थापन प्रणाली (Complaint Handling System)" [illegible] ।

नेपाल दूरसञ्चार प्राधिकरण, उपभोक्ता हित संरक्षण शाखा,
जमल, काठमाडौं, नेपाल ।
पो.ब.नं.: ९७५४
फोन: +९७७-१-४२५५४७४, ४२५४७१७, ४२५५६४९
फ्याक्स: +९७७-१-४२५५२५०
इमेल: ntra@nta.gov.np, वेबसाइट: www.nta.gov.np




सम्पादक/प्रकाशक — राजन कार्की
Editor/Publisher — Rajan Karki

| | | |
|---|---|---|
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | रोशन कार्की |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## बोझ हटाउन किन आनाकानी

सांसद बढी भए, यसलाई घटाउनुपर्छ। संघीयता बोझ भयो, यसलाई हटाउनु पर्छ। यी सवाल संसदमा प्रवेश गरिसकेको छ। समाजमा यस्ता बहस व्यापक चलिरहेको छ। आफ्ना कार्यकर्ता, नेतालाई व्यवस्थापन गर्न सजिलो हुन्छ भनेर अनेक समितिहरू बनेका छन्, ती पनि बोझ हुन्। अनेक आयोगहरू बनेका छन्, ती पनि बोझ हुन्। मन्त्री, राष्ट्रपतिले राख्ने अनगिन्ति सल्लाहकारहरू पनि बोझ हुन्, बोझ भनेर आलोचना भइरहेपछि हटाउन किन आनाकानी गरिरहेका छन् पार्टीहरूले। पार्टी भनेका देशका लागि हो, राजनीति भनेको समाज बदल्ने प्रकृया हो भने बोझ बोकेर समृद्धि र शान्तिको लक्ष्यमा पुग्न सकिन्न। यसकारण अनावश्यक बोझ हटाउनै पर्छ। प्रशासनलाई चुस्त दुरूस्त राख्न, सेवाग्राहीलाई झण्झटबिनाको सेवा दिन र प्रशासनलाई भ्रष्टाचार मुक्त राख्नका लागि पनि बोझ हटाइनुपर्छ। निश्चित रूपमा भन्नुपर्दा जति बोझ राष्ट्रमाथि थोपरिएका छन्, तिनले बजेट सिध्याइरहेका छन् र विकासमा बाधा पुगेको छ। राजनीतिज्ञले बजेट चलाउन खेलाउन पाएपछि ती ठेकेदार बन्छन्, ठेकेदार भनेको मुनाफा कमाउने व्यवसायी हो। जनप्रतिनिधि हुँ भन्नेले ५-५ करोड बोकेर हिड्नु लज्जास्पद विषय हो। यो बोझ पनि तत्काल हटाइनुपर्छ। बालबालिकाको दिउँसोको खानाको रकम कट्टा गरेर जनप्रतिनिधिले बजेट खेलाउँदै, चलाउँदै हिड्नुजस्तो दुर्भाग्यपूर्ण बोझ बोक्न सांसद, मन्त्री लालायित हुनु भनेको भ्रष्टाचार बढ्नु र बढाइनु नै हो।

समाजका लागि राजनीति गर्नेले ठेकेदार बन्दैन। कर्मचारी, दलाल, तस्कर, माफियालाई बोक्दैन। तिनलाई संरक्षण पनि दिदैन। वर्तमान कालखण्डको राजनीतिमा अपराधिकरण हावी भएको कुरा अब छर्लङ्ग भइसक्यो। आमनागरिकलाई थाहा भइसक्यो कि नेता भनेका छाडा साँढे हुन्, यिनका लागि जे जस्तो अपराध पनि सह्य छ। अपराधीलाई बचाउनु र लाभ लिनु तिनको राजनीति बनेको छ। राजनीति पापबाट मुक्ति पाउने बाइसधारा हुनुहुन्थेन। तर यतिखेर राजनीति सामाजिक, राष्ट्रिय अपराधीको लुक्ने गुँड बनेको छ। यस्ता गुँड जबसम्म भत्काउने साहस हुँदैन, तबसम्म देश उँभो लाग्दैन। यतिखेर भ्रष्टाचार, अनीति, अनैतिकता, बेइमानी जुन रूपमा पन्पिएको छ, यस्ता अपराधमा अदालतसमेत मुछिने गरेको छ, यो कदापि स्वस्थ र सभ्य समाजको द्योतक हुनैसक्दैन। लोकतन्त्र छ भन्नु लज्जावोधको विषय हुनुपर्छ।

जहाँ पनि राजनीतिक सेटिङ, आफ्ना मान्छे, अराजनीतिक चलखेल, अपराधको प्रवेश, यो लोकतन्त्रका लागि ऐंजेरू हो। ऐंजेरू जहाँ लाग्छ, त्यो रुख खोक्रो बन्देजान्छ। राजनीति पनि त्यस्तै हो र ऐंजेरू लागेकै कारण राजनीति राजनीतिजस्तो हुनसकेन। कुडाकरकड सफा गर्ने हो भने बोझ बनेका हरेक तह र तप्काका काइलाई खुर्कने साहस बेलैमा गर्नु उचित छ।

# नेता स्वाभिमानी बन्ने कि पराईको शिखण्डी ?




महाभारतमा देवव्रत–भीष्मपितामह मूलपात्र हुन्। भीष्मले हस्तिनापुरका राजकुमारका लागि काशी राजकुमारी अम्बा, अम्बिका, अम्बालिकालाई अपहरण गरेर ल्याउँछन्, अम्बिकाले अर्कैसँग प्रेम गरेको बताएपछि उनलाई उनको प्रेमीकोमा पठाउँछन्। प्रेमीले अर्काले हरण गरेकीलाई स्वीकार गर्न सक्दिन भनेपछि उनी फर्किन्छिन् र तिमीले अपहरण गर्‍यौ, तिमीले नै विवाह गर्नुपर्छ भनेर भीष्मसँग जिरह गर्छिन्। भीष्मले आफू भीष्म प्रतिज्ञामा बाँधिएकाले विवाह गर्न नसक्ने बताएपछि अम्बाले प्रतिशोध लिने र मृत्युको कारण बन्ने सराप दिन्छिन्।

महाभारतमा अम्बाले भीष्मसँग प्रतिशोध लिन तीन जन्म लिएको कथा छ। महाभारतको युद्ध हुँदा अम्बा शिखण्डीको स्वरूपमा थिइन्।

भीष्म कुनै पनि नारीसँग युद्ध गर्दिन भनेर वचनबद्ध थिए। यही वचनबद्धताका कारण युद्धका समयमा श्रीकृष्णले भीष्मका सामु शिखण्डीरूपी अम्बिकालाई उभ्याइदिन्छन् तथापि उनी यक्षबाट दानमा पाएको लिङ्गधारी भएकाले स्वरूपमात्र नारी–सशरीर पुरूष नै थिए। यो सत्यबाट अनभिज्ञ भीष्म शिखण्डीका वाण र अर्जुनका उस्तै उस्तै वाणको प्रतिकार गर्न सक्दैनन् र भीष्म वाणको शैयामा पुग्छन्। पछि इच्छा मृत्यु मर्छन्।

अर्थात् शिखण्डीरूपी अम्बिका पाण्डवको जित सुनिश्चित गर्ने प्रमुख पात्र, भीष्मको मृत्युको कारण बन्छिन्।

महाभारतको कथा र नेपालको राजनीतिक परिदृश्य मिल्छन्। किनकि- ००७ सालमा रक्सौल बैठकमा वीपीलाई भेट्न ६ घण्टा कुर्नुपरेको र भेटेपछि वीपीले उपेक्षा गरेको घटनाले मनमा किला ठोकेजस्तो अनुभूति गरेका विष्णुबहादुर मानन्धर कांग्रेस परित्याग गरी २००९ सालमा कम्युनिष्ट बन्नपुगे। २०१५ सालको आमनिर्वाचन जित्ने ४ मध्येका रौतहटबाट विजयी कम्युनिष्ट पनि विष्णुबहादुर मानन्धर नै थिए। २०७७ चैत १६ गते यी राजतन्त्र बिरोधीले बिरोधीकै रूपमा देह त्याग गरे।

स्मरणीय छ, तत्कालीन अवस्थामा गौरीशङ्कर छात्रसमिति पनि थियो, यो समितिका लक्ष्मण घिमिरे, शिवबहादुर खड्का, विपिन कोइराला, भवेन्द्र खड्का, श्रवण कोइराला, हेमन्त कोइराला, भरत बरालहरूले पञ्चायतमात्र होइन, राजतन्त्रै फाल्नुपर्छ भनेर रगतको ल्याप्चेछाप लगाउने पनि विष्णुवहादुर मानन्धर पनि हुन्।

मानन्धरले गणतन्त्र देखेर बिते, तर गणतान्त्रिक सरकारसँग खुशी थिएनन्।

००७ सालमा प्रधानमन्त्री मोहनशमशेर, गृहमन्त्री वीपी कोइराला। मोहनशमशेरले संविधानसभा गराउँ, लाग्ने खर्च मै दिन्छु, राज्यको खर्च गर्नपर्दैन भन्दा कांग्रेसले जित्दैन, नगर्ने भनेर पछि हटेका रहेछन् वीपी कोइराला। इतिहासले टिपेको छ। पत्रकार मदन शर्माले लेखेअनुसार २०१० सालको जाडोमा वीपी निवासमा वीपी, अच्युतराज रेग्मी, पद्मशङ्कर अधिकारी मकलमा आगो तापिरहेका बेला बीपीले भन्नुभएछ– मैले मुक्तिसेना प्रयोग गरेर राजतन्त्र खत्तम गरिदिन, राति १२ बजे राजालाई क्याप्चर गर्ने अर्डर दिइसकेको थिएँ तर कुरो फुस्किएर सुवर्णजीको कानमा पुगेछ र मलाई त्यसो नगर्न आग्रह गरे। अनि मैले दिइसकेको अर्डर फिर्ता लिएँ।

अर्थात्, इतिहास भन्छ– राजतन्त्र समाप्त पार्ने ल्याकत र ताकत नेपाली राजनीतिमा लागेका कुनै पात्र वा पार्टीमा थिएन। ०३६ र ०४६ सालमा कांग्रेस, कम्युनिष्टले दलमाथिको प्रतिबन्ध फुकुवा गर्न न्वारानमा खाएको घ्यूको बल निकालेकै हो। नसकेर भारतीयलाई गुहारे। ०४६ सालमा त भारतीय नेताहरू डीपी त्रिपाठी, हरकिसन सिंह, डा.फारूकी, एमजे अकवर, सुब्रमण्यम स्वामीहरूको लस्कर गणेशमान सिंहको चाक्सीवासीमा आएर राजतन्त्रमात्र होइन, नेपालै सिध्याउने चर्को भाषण गरे। राजा वीरेन्द्रले बुझे, जनतासँग झुके, बहुदल आयो, राजतन्त्र गएन। नेताहरू भारतप्रति कृतज्ञ भए, कृतज्ञता व्यक्त गरिरहेकै छन्। नेपालका हक र हित भारतलाई बुझाइरहेकै छन्। यो अन्तहीन कृया कहिलेसम्म ? २०५८ सालमा दरवार हत्याकाण्ड नै भयो, तैपनि राजतन्त्र सकिएन। राजतन्त्र फाल्नका लागि भारतले ७ दललाई दिल्लीमा १२ बुँदे सम्झौता गरायो, आतङ्ककारीलाई जनआन्दोलनमा मिसाइदियो र सडकमा उतार्‍यो। यो जनआन्दोलनको आगोलाई डढेलो बनाइदिने भारत नै थियो र अन्ततोगत्वा २०६३ साल वैशाख ११ गते संसद पुनर्स्थापना गर्न राजा बाध्य भए। भारतकै छल, दल, बलमा २०६५ साल जेठ १५ गते भारतको शिखण्डी बनेर राजतन्त्र समाप्त पारियो। अर्थात् जुन परिवर्तन भयो, त्यो परिवर्तनमा नेपाली नेताहरूको भूमिका मात्र शिखण्डीको थियो। शिखण्डी अर्थात् प्रतिषोधको। राजतन्त्र फाल्न ००७ साल, २०१०, २०१७, ०३६, ०४६ सालमा नसक्ने नेपाली राजनीतिले २०६५ सालमा भारतीय शक्तिबाट सफलता हासिल गरे। यो सफलता भारतको हो, शिखण्डीहरूको थिएन, होइन।

नेतृत्व शिखण्डी भएकै कारण १६ वर्षमा नेपाली हक र हितहरूका औंला काटी काटी गुरूभेटी चढाइरहे, अझै चढाइरहेका छन्। सत्ताका भोका देशद्रोहीहरू यथार्थमा प्रतिषोधपूर्ण शिखण्डी पात्र मात्र हुन्।

बहादुर सिपाहीले साम्राज्य खडा गरेको इतिहास हो: 'टिपु सुल्तान'। टिपु सुल्तानले मैसुर साम्राज्य खडा गर्न सफलता पाए। नेपालको लोकतन्त्रका टिपु सुल्तानहरू विवेकशील आत्मनिर्णय गर्न असक्षम भएर संसद, सरकार, शीतल निवास, सर्वोच्च अदालत, माइतीघर मण्डलातिर शिखण्डीका रूपमा रलमलिइरहेका छन्। यी राजनेता थिए भने जनतामा आस्था र जयजयकार देखिनुपर्थ्यो। शिखण्डीतन्त्रमा राज नेता हुँदैनन्। शिखण्डी देखिन्छ।

०४२ सालमा रामराजाले राजधानीमा बम पड्काउँदा ५ जना मरे। ०२८ सालको झापा विद्रोहमा आजका एमालेहरूले १३ जनाको घाँटी रेटेका थिए। ०४६ सालको जनआन्दोलनमा ७ जना मारिए भने ०६३ सालको १९ दिने जनआन्दोलमा २६ जना मारिएका हुन्। १० वर्षे जनयुद्धकालमा १७ हजार २ सय ७४ को हत्या भयो र तिनमा आश्रितमाथिको मानसिक हत्या बेहिसाव छ। बेपत्ता र मेलमिलापका नाममा तिनको संवेदनाको हत्या दिनदिनै भइरहेकै छ। न्याय हात्तीको देखाउने दाँत बनेको छ। पीडक पटक पटक शासक बनिरहे। विधि निर्माता बने। कहिले पनि विधिमा बसेनन्, विधिमाथि अतिसार गरिरहेकै छन्। परिवर्तनबाट एकजना पनि जनताको आस्था भएको, न्यायकर्ता जन्मिएनन्। जो राजनीतिमा छन्, ती विदेशीको हतियार र मतियार 'शिखण्डी' मात्र छन्। दानमा पाएको लोकतन्त्र-भीखमा आत्मसम्मान हुँदैन।




नेपालको वर्णपटमा महाभारतको शिखण्डीका सिलसिलाले छाडेको छैन। विदेशीलाई चाहिने शिखण्डी हुन्, शिखण्डीलाई चाहिने इख साध्नु हो। स्वार्थको पछि लाग्ने विवेकहीनहरू भनेका अवसरवादी हुन्। शिखण्डी र अवसरवादीहरूलाई बाह्रै महिना दशैं आइरहेछ, घुस्याहाहरूलाई लोकतन्त्र आँखा चिह्ला बनेको छ। देशभक्तिको सशक्त भाषण गरिदिएपछि जनता मख्ख पर्छन्, यी चलाखहरू जनता जनता लडाएर स्वाद फेरिरहेका छन्। नयाँ नेपाल बनाउन नरसंहार किन गरियो, धर्म र व्यवस्था किन फेरियो भन्न सक्दैनन्। जनता सोध्न सक्दैनन्।

घण्टाघरको सुईले पलपल भनिरहेको छ– लोकतन्त्र राजनीतिलाई व्यवसाय बनाउनेहरूलाई आयो। यसकारण यी रछ्यान हुन्, यिनमा जनताको बलमा उभिने इच्छाशक्ति छैन। अन्धाका लागि ऐना, अन्धाले लोकतन्त्रको चस्मा लाए के, नलाए के ? शिखण्डीका लागि आत्मरती नै संसार हो।

लोकतन्त्रको प्राण जनविश्वास गुमाएर, गुमाएको लोकतन्त्र आइसीयुबाट भेन्टिलेटरमा गइसक्यो।

शिखण्डीतन्त्रको नेतृत्व बर्ग राष्ट्रिय ढुकुटीलाई पञ्चदेवलको हण्डी बनाएर खाइरहेका छन्। शिखण्डमिा इमान, नैतिकता र स्वाभिमान कहाँ हुन्छ र ?

मिनु मसानीको 'इभोल्यूसन थियोरी अफ सर्भाइवल' भन्छ– जो सक्षम छ, ऊमात्र बाँच्छ। विदेशी निर्देशनमा चल्ने शिखण्डीहरूलाई लागेको छ, हामी सफल छौं।


नराम्रा कर्म गरेका वर्तमान बुढोपुस्ता शिखण्डीहरू जनतासँग सरोकार नै राख्दैन। राजनीति सिरूपाते खुकुरी बनेर सक्षमहरूको कलमी गरिरहेका छन्। शिखण्डीले गर्ने अर्काको आदेशको पालना नै हो।

ज्योतिष हेराउँछन्, हात देखाउँछन्। विदेशीका लागि प्रमाणित हुँदै गएका धर्मनिरपेक्ष शिखण्डीहरू मौका पायो कि बुद्ध बोकेर हिड्छन्। मौका पर्‍यो कि बारूद पड्काउँछन्। मौसमअनुसार स्वार्थका लागि सिद्धान्त बेच्छन्, नीति कुल्चन्छन्। लोकलज्जाको भेऊ पाउँदैनन्। रावणको चरित्र बोकेर राम राम भन्छन्। साइत छोपेर स्वार्थ पूरा गर्न बिछट्ट सिपालु छन्। यसकारण त यी परिवर्तनका बाहकहरू स्वाधीनताको धर्तीमा पराधीनताको साम्राज्य खडा गर्ने 'खतरनाक क्रियचर्सहरू बास गर्ने पेण्डोराको बाकस' भन्दा कम देखिदैनन्।

'डेभेलपमेन्ट अफ फ्रिडम' मा अमर्त्यसेनले लेखेका छन्– गुलाफको फूलमा सुगन्ध हुनैपर्छ। जनयुद्धलाई वसन्त पर्व भन्नेहरू कागजी फूल देखाएर हरेक दिन सत्तासुन्दरीसँग भेलेन्टाइन मनाइरहेका छन्। यी ढुङ्गे क्रान्तिकारी सिंहहरू शिखण्डीका अवतार बनेर गर्जन्छन् मात्र। खाली भाँडाहरू धेरै बज्छन्, हाम्रा नेताहरू पनि गिदीविहीन परजीवी लाग्छन्।

दक्षिण एसिया विज्ञ लियोरोजका अनुसार नेपाल विश्वमै स्वर्गको एक टुक्रा हो। स्वर्गको यो टुक्रा शिखण्डीको जगजगीमा नरक कसरी बन्यो ? कस्तुरीको सुवास आउनुपर्ने हो, नेपाल स्वर्गभरि कुहिरगन्धे धुवाँ कसरी चल्यो ? हामीले बुझ्नुपर्छ- शिखण्डीहरूबाट नरकमात्र पाइन्छ। १८१५ डिसेम्बर २ मा गीर्वाणविक्रमको पञ्जाछाप बोकेर गएका गजराज मिश्र र चन्द्रशेखर उपाध्याय सुगौली सन्धिमा बृटिश इण्डियाको शिखण्डी बनेपछि २०२३ को लोकतन्त्रसम्म आइपुग्दा पनि शिखण्डीहरूकै शासन सत्ता चलिरहेको छ।

यति ठूलो परिवर्तनपछि पनि कठै हाम्रो देशमा कालो रात। यो रात कहिले अन्त होला, कहिले उज्यालो होला भन्ने उकुसमुकुस भइरहेछ।



# भारत, अमेरिका, चीन र रूसको चक्रब्यूहमा नेपाल




काठमाडौं । रूसले राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनालाई निम्त्यायो र नेपालमा आफ्नो पनि चासो रहेको सन्देश पठायो । रूसको सन्देश नेपाललाई मल, इन्धन, अन्य सहयोग गर्न चाहेको रूपमा आएको छ । गणेशप्रसाद तिमिल्सिनाले सरकार प्रमुख मै हुँ जसरी रूससँग वार्ता गरेका छन् र सहयोगको प्रस्ताव पनि गरेका हुन् । उनी नेपाल नफर्कंदै रूसले नेपालबाट रूस जाने युवालाई भिजिट भिसामा नरमपना अपनायो र युवाहरू रूस जान थालेका हुन् । यतिबेला रूसको सेनामा नेपाली गोर्खा पल्टन बनेको छ । युवाहरू रूसी सेना, वाग्नरजस्ता भाडाको सिपाही दस्तामा भर्ती भएर युक्रेनविरूद्ध लड्न जाने विषयले नेपालको नीतिमा ठेस पुगेन र ?

रूसपछि चीनले निम्त्यायो । चीनले राष्ट्रियसभाका अध्यक्ष गणेश तिमिल्सिनालाई जन राजनीतिक परामर्श दातृ सम्मेलन (चाइनिज पिपुल्स पोलिटिकल कन्सुल्टेटिभ कन्फरेन्स) मा अध्यक्ष वाङ हु निङले निम्त्याएका थिए । 'नेपालमा चीन विरोधी गतिविधि नहोस् भन्ने चीनको चाहना छ ।' भनेर सन्देश पठाए । यथार्थमा चीनले यो प्रतिक्रिया राष्ट्रियसभा अध्यक्ष मार्फत नेपाल सरकार र नेपाली राजनीतिक दलहरूलाई मात्र होइन, भारत र अमेरिकालाई समेत सुनाएको हो । स्मरणीय छ, प्रधानमन्त्री प्रचण्डले चीनको भ्रमण पन्छाएर भारत भ्रमणमा गएपछि चीन रूष्ट भएको छ । प्रधानमन्त्रीले आगामी महिना चीन भ्रमण गर्ने भनिएको छ । नेकपा माओवादी पार्टीका तर्फबाट प्रम प्रचण्डले निम्त्याएका चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको राजनीतिक ब्यूरोका सदस्य तथा चोङछिङ म्युनिसिपल पार्टी कमिटीका सचिव यूआन च्याच्युनको टोलीलाई प्रचण्डले बेवास्ता गरेर इटली भ्रमणमा गए । चीनलाई यसरी अपमानित गरेको विषयले चीनलाई बिझेको बुझिन्छ ।

चीनले अध्यक्ष गणेश तिमिल्सिनामार्फत र सीसीपी सदस्य च्याच्युनमार्फत चीन छिमेकी देशहरूसँग मैत्री, पारस्परिक लाभ हुने काम गर्न तयार छ भन्ने सन्देश दिएको छ । खासगरी चीनले अघि सारेको बीआरआई, ग्लोबल सेक्युरिटी इनिसियटिभ (जीएसआई) र ग्लोबल सिभिलाइजेसन इनिसियटिम (जीसीआई)मा नेपालको तर्फबाट सक्रिय सहभागिताको अपेक्षा राखेको छ, नेपालले निर्णय लिइसकेको छैन ।

आफ्नो चीन भ्रमणका अवसरमा अध्यक्ष तिमिल्सिनाले चीनद्वारा स्थलमार्ग र हवाई मार्ग दुबै नियमित सञ्चालन गर्न आग्रह गरेका छन् । साथै तिमिल्सिनाले नेपाल एक चीन नीति प्रति प्रतिबद्ध छ, हामी चीनसँग आर्थिक विकास र पूर्वाधार विकासमा सहकार्य गर्न चाहन्छौं भनेका छन् । व्यवहारमा नेपाल इण्डो पश्चिमा धारमा लागिसकेको देखिन्छ । सम्भवत: बीआरआईमा नेपाल उदासीन बस्नेछ ।

भारतले विस्फोटक पदार्थ आपूर्ति गरेन, चीनबाट आएका बिस्फोटक पदार्थ भारतकै दबाबमा भन्सारमै रोकिएका छन् । विश्वस्त सूत्रका अनुसार चीनको लगानी रहेका विद्युत र अन्य नेपालका विकास आयोजनामा भारतले असहयोग नीति लिएकोमा चीन रिसाएको छ, नेपालले आवश्यक निर्णय लिन नसक्नु दु:खद विषय हो । साथै चीन २०१७ मा सही भएको वीआरआईलाई कार्यान्वयन तहमा कसरी लैजाने भनेर चीनले रणनीति बनाएको देखिन्छ । भारतको चीनलाई असहयोग गर्ने र नेपालमा चीनको प्रभाव र चीनले लिएका परियोजनालाई असफल पार्ने रणनीति अख्तियार गर्दा चीन आक्रोसित छ । तर नेपालले किन बुझेको छैन- चीनलाई जिम्मेवारी दिने तर जिम्मेवारी निर्वहनमा भारतको हस्तक्षेप र असहयोगबारे चुपचाप बस्ने । यसरी पनि नेपालको समृद्धि सम्भव होला र ? चासो बढेको देखिन्छ ।



# मासुभात खुवाएर भोट किन्छन्, लुट्छन्

**देवी काफले –**

स्थानीय चुनावको बेला थियो । रेडियो, टेलिभिजनमा उमेदवारहरूका अन्तर्वार्ताले अरू कार्यक्रम चल्नै पाएका थिएनन् । अनलाइन खबरहरू भरीभराऊ नेताका अन्तर्वार्ताले ।को भन्दा को कमको प्रतिष्पर्धा घोषणापत्र । घरघरमा पर्चा, पम्पलेट, पार्टीको झण्डा छरपष्टै छरिएका छन्, फहराइएका छन् ।

मनेको छोराले बल्लतल्ल तिनकक्षा पढेको । पर्चा भेटेछ पढ्दै –बाउ ए बाउ हेरत भोली त तल चौताराँ मासुभात बांड्चन अरे । जानी है । मनेले हत्केलाको छानो लाउँदै चिच्च्यायो के भन्च यो केटो कल्ले बाँड्नी रैचन् र मासुभात ?

परीमल साहुको भारी भन्ज्याङ्गको दुकानमा पुर्‍याएर बेलुकाको खर्चो जोहो गरेको मनेले आज त मसिनोको चामल ल्याओछु बुडी मिठरी पका है भन्दै अगेनाको वरपर बाउछोरा ओदानै बनेर दाउरा ठोस्दै थिए । एकहुल मान्छे मने दाई भन्दै हुर्हुर्ती भित्रै पसे । एकछिन मने र उसकी बुढी हेराहेर भए । छोरो कन्ठेले उत्सुक भएर तिनीहरूलाई सुनिरहेको थियो, हेरिरहेको थियो ।

आगन्तुकहरूले मनेको घरको दुई भोटलाई किन्ने भरपुर कोशिस गरे । छोरो निशुल्क पढाइदिने, मनेलाई खाडी मुलुक पठाइदिने, घर निलो टिनले छाइदिने भए । तर मनेले मानेन । उसको गाउँमा बाटो छैन, पानी छैन, बिजुली छैन, स्कूल तिन



फोटो साभार : अनलाइन खबर

भन्ज्याङ्ग काटेर जानुपर्छ, बेंसीमा स्वास्थ्यचौकी छ । न त डाक्टर छन्, न त औषधी नै पाइन्छ । खेतमा लाउने पानी ल्याउन सकिएको छैन । बारीमा टमाटर लगाएको बिक्री नभएर भिरबाट खसालियो, फालियो । अन्य तरकारी पनि बिक्री नभएर पोहोर साल बारीमै जोतिदिन पर्‍यो ।

दुनो भैंसी पालेको दुध बेचेर आम्दानी गरूँला भनेर त्यै भैंसीलाई पनि रोग लाग्यो उपचार गर्न सदरमुकामबाट डाक्टरसाब आउँदा आउँदै भैसी दाम्लैमा लड्यो । हाम्रा दुख कति छन् कति तपाईंहरू मलाई खाडी पठाएर यो ठाउँको बिकास ठान्नुहुन्छ ? मनेले ओठे जवाफ फर्कायो नेता र आसेपासे ट्वाल्ल परे ।

हिजोको गाउँको अवस्था हुबहु मनेले भनेजस्तै नै थियो आज फरक छ । हिजो गाउँभरी मान्छे थिए आज रित्ता र उदाङ्ग परेका घर र बांदरहरू छन् । हामीकहाँ जोसुकै सरकारमा पुगे पनि गाउँको महत्व बुझ्ने, गाउँमुखी हुन सकेनन् । अझै तपाईंहरू मलाई किन्न आउने ? आज गाउँ किन रित्तो छ, थाहा छ ?

वास्तवमा मनेले भने जस्तै आज पहाडका गाउँहरू रित्ता छन् । पानीको धारा पुगेको छ । डोजरे बिकासले बाटो पुगेको छ । टाकुरा माथी भ्यूटावर बनेको छ । स्वागत गेटहरू बनेका छन् । तर गाउँ किन रित्ता छन् ? सरकारको ध्यान छैन ।

गाउँमा उत्पादित अन्न फलफूल तथा तरकारीहरूको उचित बजार ब्यावस्थापन छैन । किसानवाई हौसला स्वरूप कुनै पनि कार्यक्रम ल्याइएको छैन । ल्याइएका योजनाहरू नेताकै हर्ताकर्ताले झ्याम पार्छन् । किसानबाट उत्पादित वस्तुहरू बिचौलियाको चंगुलमा छ । गाउँका स्कूलहरूको दुरावस्था छ । स्वास्थ्यचौकी तथा अस्पताल छ, डाक्टर हुंदैनन्, न औषधी हुन्छ । उच्च शिक्षा पढ्नका लागि शहर छिर्नैपर्छ । यी सबै अप्ठेरा परिस्थितिका कारण अनियन्त्रित बसाईसराई बढेको छ ।

यहाँ सबैभन्दा बढी बसाइसराई गर्ने राजनैतिक दलका नेतृत्वहरू छन् जसका कारण सर्वसाधारण गाउँमा बस्नै नसक्ने भए । सम्बृद्धि, बिकास, नीतिनिर्माणका लागि गाउँबाट चुनिन्छन् सिंहदरवार छिरेपछी त्यही गाउँलाई लत्याउँछन् । आज मकै, कोदो जस्ता अन्नबाली अरबौं रूपैया लगानी गरेर देशमा भित्र्याउनु परेको छ । आफ्नो देशको उब्जाउ जमिनमा एकातिर बालुवा छरेर घर उमारिएका छन् । एकातिर बाँदरको रजाईं छ । यस्ता गम्भिर बिषयलाई किन महत्व दिंदैन सरकार ?

चुनावको बेला गाउँ चाहिने, चुनाव पछी पाखे बनाउनेहरूको दिमागमा मनेका कुराले छुन्छ होला त ? मनेजस्तो सचेत भैदिएको भए आज गलत नेतृत्वलाई प्रोत्साहन हुन्थ्यो होला त ? मनेजस्तै स्वाभिमानी जबसम्म हामी हुन सक्दैनौं तबसम्म हाम्रो अवस्था यही नै हुने हो । चुनावका तिनै पर्चा खाने हो, पम्पलेट लाउने हो, घोषणापत्र पढेर निदाउने हो । झण्डा फहराउनेहरूले दुई छाक छोराछोरीलाई मासुभात खुवाउने आश्वासन दिन्छन्, भोट किनेर लान्छन् ।

# कर्मयोगी बद्रीविक्रम थापाको १०१औं स्मृति दिवस

**जयराम बिडारी –**

११ श्रावण, 'बोलेको कुरा गरेर देखाउन थालेपछि थोरै बोल्न करै लाग्छ' भन्ने मूल मन्त्र अंगिकार गरेको कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठीद्वारा थापाको १०१औं जन्म स्मृतिसभा तथा 'बद्रीविक्रम राष्ट्रगौरव पुरस्कार समर्पण समारोह सम्पन्न गरिएको छ ।

राष्ट्रिय सभागृहमा आयोजित कार्यक्रममा गुठीका अध्यक्ष तथा काठमाण्डौ विश्वविद्यालयका पूर्व उपकुलपति प्रा. डा. सुरेशराज शर्माको अध्यक्षता तथा त्रिविविका पूर्व उपकुलपति प्रा. केदारभक्त माथेमाको प्रमुख आतिथ्यता एवं बिशिष्ट अतिथि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारी, पूर्व उपप्रधान तथा गृहमंत्री कमल थापा तथा पूर्व मंत्री शशी श्रेष्ठ लगायत नेपाल सरकारका पूर्व सचिव भरत बहादुर थापा एवं नेपाल आँखा अस्पतालका अध्यक्ष डा.गोपाल प्रसाद पोखरेल, आयोजक सदस्य अरूण विक्रम थापा तथा सल्लाहकारहरूको आतिथ्यता कार्यक्रम भएको थियो ।

उक्त कार्यक्रममा त्रिविविका पूर्व उपकुलपति प्रा. केदारभक्त माथेमाद्वारा नेपाल आँखा अस्पतालका अध्यक्ष डा.गोपाल प्रसाद पोखरेललाई दुई लाख बाईस हजार दुई सय बाईस नगद राशी सहित प्रमाण पत्रद्वारा 'सेवा पुरस्कार २०८०' ले सम्मानित गरिएको थियो । साथै मन्त्री शरत सिंह भण्डारीद्वारा 'बद्रीविक्रम राष्ट्रियगौरव' पुरस्कारबाट पूर्व सचिव भरत बहादुर थापालाई दुई लाख बाईस हजार दुई सय बाईस नगद राशी सहित प्रमाणपत्र द्वारा सम्मानित गरिएको थियो भने 'बन्दना तथा बद्रीविक्रम थापा चरित्र निर्माण पुरस्कारबाट हिन्दुबिद्यापीठ-नेपाल, थली कि छात्रा प्रतिमा सापकोटालाई डा.लोकविक्रम थापाद्वारा दश हजार नगद राशी सहित प्रमाणपत्रले सम्मानित गरिएको थियो ।




गुठीले नियमित रूपमा प्रदान गर्दै आएको आर्थिक सहयोग यसपटक श्रमिक बाल विज्ञान आधारभूत सामुदायिक बिद्यालय पुल्चोकका प्रधानाध्यापक परशुराम बराल तथा श्रीकृष्ण प्रणामी निजानन्द बृद्धाश्रम पुल्चोक ललितपुरका प्रतिनिधि विवेक बन्जारालाई प्रदान गरिएको थियो । बद्रीविक्रम थापा श्रम सम्मान पुरस्कारबाट तपाहिटी पाटनका कुलरत्न खड्गी र न्हेछुमाया शाहीलाई जनही पच्चिस हजार नगद सहित प्रमाण पत्रद्वारा सम्मानित गरिएको थियो ।

कार्यक्रममा स्वागत चिन्तामणि योगीले गरेका थिए । सम्मानित ब्यक्तित्व नेपाल आँखा अस्पतालका अध्यक्ष डा. गोपाल पोखरेलद्वारा विराट् व्यक्तित्व कर्मयोगी बद्रीविक्रम थापा स्मृति कोषको गरिमामय पुरस्कारबाट सम्मानित र पुरस्कृत हुन पाएकोमा देश र समाजको लागि थोरै भएपनि योगदान गरेको रहेछु भन्ने बोध भएको र पुरस्कार राशी बाट प्राप्त रकमले आगामी दिनमा संस्थाकै उन्नयनका लागि ब्यवस्थित गरिने बिचार ब्यक्त गरेका छन् ।

अर्का सम्मानित ब्यक्तित्व नेपाल सरकारका पूर्व सचिव भरत बहादुर थापाद्वारा नेपालको प्रशासनिक एवं समाजसेवा क्षेत्रका विलक्षण ब्यक्तित्व कर्मयोगी बद्रीविक्रम थापाका बारेमा प्रकाश पार्दै प्राप्त पुरस्कारले आफूलाई उत्साहित बनाएको बताएका थिए । 'बद्रीविक्रम राष्ट्रगौरव पुरस्कार' बाट सम्मानित गरिएकोमा आभार ब्यक्त गरेका थिए । कार्यक्रममा पूर्व उपप्रधानमंत्री कमल थापाले 'कर्मयोगी बद्रीविक्रम थापा' सादा जीवन उच्च विचारका संबाहकको योगदानका बारेमा चर्चा गरेका थिए । मंत्री शरत् सिंह भण्डारीले राणाशासनबाट मुक्ति दिलाउने बद्रीविक्रम थापाको प्रशंसा गरे ।

प्रमुख अतिथि पूर्व उपकुलपति प्रा. केदारभक्त माथेमाले राष्ट्रिय भावनालाई जनमनमा कसरी बृद्धि गर्दै लैजान सकिन्छ भन्ने बिषयमा कर्मयोगी बद्रीविक्रम थापाको अनुकरणीय जीवनशैली निष्काम समाजसेवाका बारेमा बिमर्श गरेका थिए । कार्यक्रममा 'सेवा नेपाल' सत्यमोहन जोशी स्मृति अंक २०८० लोकार्पण समेत गरिएको थियो । कार्यक्रम साहित्यकार राजेश खनालले सञ्चालन गरेका थिए ।






# Why 'Nepal Army' is the prime target?

"Always recognize that human individuals are ends, and do not use them as means to your ends". -Immanuel Kant.

## N. P. Upadhyaya (Aryal)

Let's now revisit the politics of the early 1990s when the sitting Nepal King Birendra was cut down to size by the men paid and posted by Indian Congress (albeit supported by the Indian Intelligence Agency-the RAW) and the country ushered in a Constitutional Democracy which meant that Nepal henceforth shall be governed by a democratic system with a constitutional monarch.

However, I am the witness myself as an active journalist then in Kathmandu, as the King willingly accepted to step down from an active monarch to the constitutional one rather than yielding to the dictates of the Indian playboy Prime Minister Rajiv Gandhi.

Gandhi who had proposed by then a "mini SAARC" well within the SAARC that housed then some seven south Asian countries-Nepal included obviously. The inclusion of Indian satellite Afghanistan into the regional body demands yet another story which may appear time permitting should the readers exhibit their keen interests.

King Birendra's rejection judgment was that the seven countries conglomerate itself of the SAARC body shall in doing so further weaken and more so the "emerging mini SAARC" shall act as a parallel to the original SAARC body. This may shadow even the main SAARC body-the King contended.

Looking at the straight disavowal of King Birendra to the mini SAARC idea, both Gandhi and Mrs. Bhutto passed on unpleasant words to the modest Nepal King who was one of the brains of the SAARC organization followed by President Zia-Ur-Rehman of Bangladesh.

The West tilted Pakistani lady-the so-called highly arrogant daughter of the East, Ms. Bhutto did not comprehend that Rajiv's scheme will one day kick out Pakistan itself from the SAARC mainstream.

Gandhi's trickery she could not fathom.

Any only after a span of some years later, India split the SAARC and formed a new mini-SAARC that included, India, B'desh, Sri Lanka and Nepal. This fractured SAARC was coined as a South Asian Growth Quadrangle that deliberately boycotted Pakistan-the born rival of India.

India's declared satellites formed the Growth Quadrangle as it was later known.

An infuriated Pakistan almost was about to quit the SAARC officially, however, thanks to the sagacity of the then Sri Lankan Foreign Minister Laxman Kadirgamer (a Sri Lankan Tamil) who convinced Pakistan that the evolved political aberrations could be later corrected and hence Pakistan need not to quit the regional body.

Pakistan complied but yet began looking towards the Central Asian Countries for greater regional connectivity.

The idea behind isolating Pakistan was that with the presence of Pakistan, India felt unease as she felt threatened that in each of its annual Summit, Pakistan with the South Asian colleagues inevitably raised the issue of the India occupied Kashmir among others.

The segregation of Pakistan was the prime objective of India and its satellites. Pakistan was a strong regional force by then. Its diplomats posted in South Asian nations were much active to what we, sorry to say, could see in these recent years.

Pakistani diplomacy was at its pinnacle at time when Ambassador Kamran Niaz in the mid-nineties came here to discharge his official duties.

Later after decades and decades, it was Javed Majhar who interacted with the intellectuals and the media as well which is what I have personally felt as and when I was invited for such an interaction.

That was the end of it all. The new Ambassador, Abrar H. Hashmi, is here. Hope he will show the presence of Pakistan in Nepal.

Thus, India has a real edge over Pakistan and China in South Asia more so in Nepal. China and Pakistan must act together to match to the Indian diplomacy.

Only recently, the Association of Former Career of Ambassadors of Nepal organized a day-long seminar on Foreign Direct Investment wherein the Indian Ambassador Shri Navin Srivastava exhibited his expertise in the subject mentioned above.

This seminar also gave an opportunity to the Indian envoy to mingle with noted scholars, former veteran diplomats and media men, this scribe included, and expand his reach among the informed Nepali citizenry.

China believes in quiet diplomacy, it is said.

Back to the point:

It was this reason that the South Asian Quadrangle that took a shape right here in Kathmandu was also "actively" given the energy by the then Nepal Foreign Minister Dr. Prakash Chandra Lohani-a RPP stalwart now.

That Dr. Lohani was hand-in-glove with India, I was briefed in an excited manner, by the B'deshi Ambassador Mahmood Ali who was very intimate to me and the Forum that I chaired for over a decade-the Nepal-SAARC Journalists Forum (NSJF).

He told be as to how the Growth Quadrangle was being formed clandestinely under Indian instructions.

The NSJF in its life span of a decade or so brought the entire SAARC nations together in Kathmandu. In a private note, I must extend by sincere thanks to the SAARC Secretary General Ambassador Nihal Rodrigo-a veteran Sri Lankan diplomat for all whatever he did to expand the role of the SAARC Journalists' Forum in the entire SA region.

(As of now, I have no connections or whatsoever with the said Forum).

Needless to say, even when the King was kicking and alive in Nepal, some of his ministers were "posted" by India who danced to the tune of India and the formation of SA Quadrangle thus became a reality, however, the entire four country quadrangle collapsed because of the domineering role being played by the regional scoundrel.

An ill intended grouping had to crumble and it smashed.

A mere mistake of Mrs. Bhutto made then is still haunting Pakistan even as of today. May funny talks in the region were in circulation as regards the ties of Ms. Bhutto and Mr. Gandhi.

Though Pakistani troubles of the recent days and years are of its own making including the political and the Military leadership. The one takes the other as an enemy-opponent to the nation and vice versa which is why the nation is split vertically much to the political advantage of rival India.

The continued financial crisis has almost broken the vertebral column of neighboring Pakistan.

Hope the IMF deal may have eased the crisis. The CNN TV (Business) dated July 12, 2023, reports that the IMF board has approved a $ 3 Billion bailout program for troubled Pakistan which will immediately disburse about $ 1.2 billion to help stabilize the South Asian ailing economy.

CNN quoted IMF as saying.

Hope Pakistan now regains its lost economic stamina.

Moreover, let's hope the approaching elections shall bring in stability and peace in politically torn Pakistan.

Pakistan even as of today, is paying the price of Mrs. Bhutto's damn follies who later was killed in a very merciless manner. Bhutto trusted on India's Gandhi which was in itself a terrible joke.

Needless to say, both Rajiv Gandhi and King Birendra too have had a very terrible killing.

For a while, the formation of the mini- SAARC was postponed but King Birendra was the Indian target now.

Rajiv then instructed then his "paid and posted" men in Kathmandu to bring in an artificial blizzard against the sitting monarch.

UML leader Madhav Nepal even proposed that Indian military be invited to discipline King Birendra which apparently exposed Mr. Nepal's excessive India bend. His India bend continues reportedly as against Nepal's advantages.

The then Indian Ambassador Arvind Ram Chandra Deo (a shrewd Indian national ) in Kathmandu then ballooned the political parties who were ready to dance to the Indian jingle and thus the entire Kathmandu's politics became tense with each passing day.

In the meanwhile, Indian Foreign Secretary S. K. Singh landed in Kathmandu with a fresh Indian offer which had it that if the King agreed to remain under the India's security umbrella a la Baby Bhutan, his Crown was safe.

The King upon listening the "humiliating Indian offer" instructed his Prime Minister Marich man Singh Shrestha to convey the Indian Secretary that the King has outrightly rejected the Indian proposal.

And, expectedly, the velocity of the ongoing India engineered, sponsored, and funded political movement against the King doubled which forced the King to invite Nepal's political leaders for negotiations.

The King did so to send signals to Rajiv Gandhi that he would prefer to talk to his own perverted nationals instead of bowing down to an alien and politically immature Prime Minister. Thus, the King accepted to remain in the Crown as "constitutional monarch".

The second jolt to Constitutional monarch Birendra from India:

The India funded movement of 1990 April ended with the formation of an "interim government in Nepal" under Congress leader Krishna Prasad Bhattarai.

A few months later, the interim PM Bhattarai sought an urgent audience with the King in the Palace.

The usual complementariness came to an end and the Prime Minister Bhattarai in a hesitating manner forwarded an earth-shaking offer to King Birendra.

Listening to PM Bhattarai's unbelievable and equally dangerous intent, the King without losing his composure replied, "Look PM! Don't you think that the presence of the Nepal Army shall at least keep Nepal sovereign for half an hour¿ If so, how and why should I agree to your suggestions of dismantling the Nepal Army institution once and for all given that our Army is one of the oldest Armies in the world more so first in South Asian region¿

King's response thus capped the talk of dismantling the Nepal Army for some decades. Yet this episode exposed wherefrom the idea had emanated and PM Bhattarai was speaking whose voice? PM Bhattarai though was a saint, yet he prefereed India on many occasions.

For instance, take the June 10, 1990 Nepal-India Joint Communique which allowed India to take control of several internal-political matters more so of Nepal's water resources. Yet he was a saint.

Why some need dismantling of Nepal Army?

However, the idea of 'pull to bits' the Army institution persisted in some crooked minds of some perverted Nepali nationals close to Indian regime who continued their tirade against the Nepal Army.

However, the talk of doing away with the Nepal Army subsided for some decades.

And now the same idea has begun floating from some "disgruntled and sponsored quarters" which forcefully demands the early and the necessary dismantling of the Nepal Army.

Why Nepal Army is target and its inner motive?

Some allege that these "some" who intend to do away with the Army reportedly have tacit connections with some alien forces who wish to weaken Nepal in the absence of the Army and create chaos and disturb the communal harmony and exploit from the weakened Nepal.

Reportedly, the man who is up against the Nepal Army these days is talked to have had linkages in the past with the Nepali Congress and as of now he has joined a new debatable party led by yet another provocative journo-turned politician.

Some even say that he has a Catholic Vietnamese wife ¿ Well, it is his private life indeed. Some even suspect his factual citizenship credentials.

Bimla Rai Poudel joins the "target NA mission:

As if this were not enough, yet another lady politician Mrs. Bimla Rai-Poudel the other day forcefully demanded from then Nepal Parliament that a redundant and almost defunct army like the one what we have demands immediate dissolution as Nepal Army can't even fight with the Indian or for that matter the Chinese Army if and when these two alien armies declare a war on Nepal?

Clearly, the manner Bimla Rai Poudel was presenting her hatred against the Nepal Army gave an impression that she was speaking "Her Master's Voice" and that she will continue to do so until the Army institution say total and complete dissolution.

Surprising of it all is that Mes. Bimla was the Nepal's Foreign Minister for some forty two days. This is earth shaking news indeed!

Mrs. Rai, a NGO/INGO giant, was for some time (roundabout 42 days) the country's Foreign Minister from the UML quota.

Ms. Rai has several colleagues like her who opine that the Army must be dissolved as it would "save" money for other developmental processes.

And now Sumana Shrestha's outburst against the Army?

Very freshly, Parliamentarian Sumana Shrestha has joined the chorus in hitting the Nepal Army hard who almost told that Nepal doesn't need a contingent of 90, 000 Army as it is a white elephant for cash crunch Nepal economy.

Ms. Shrestha is a doctoral degree holder from Massachusetts, USA. She is a highly qualified woman.

But why they all oppose the Nepal Army¿

A close look at the debauched ideas being incessantly floated targeting against the Nepal Army do tell that some "organized alien forces" near and far were at constant work to weaken the morale of the Nepal Army thereby exploit from ensuing communal chaos that shall grip the country instantly.

A weakened, fractured and split Nepal is in the interest of, I guess, India and the countries that wish Nepal in a torn state.

Think if and when a communal or say identity crisis crops up and takes its heavy toll then isn't it would be the Nepal Army to quell the threats that possess the potential to split the nation both vertically and horizontally¿

We need the Army to save the country from going to the dogs. Good o bad, our Army…Nepal Army.

Needless to say, if and when Nepal has a threat to its existence or say, sovereignty, it is necessarily from India and India alone.

Thus, if Nepal were to be saved for all time to come, the fake tradition of awarding the title of honorary Army General to the India's Army Chief must be scrapped altogether. Or it would be too late. The real threat to Nepal emanates from India and India alone. Let's be clear that M. M. Naravney and General Rawat treated Nepal as inferior. Erratic Undisciplined Naravney even accused Nepal, May 2020 of working against India at the behest of China and yet was greeted in Nepal by our Army men as the undeclared King of Nepal and that too appointed by India itself. But why the Army is silent yet¿ Army's silence gives ample space to suspect the very credentials of the Army itself. Isn't it¿

Attention China and Pakistan:

China and Pakistan should now without wasting a single second feel the gravity of the "emerging frightening situation and in concert begin providing higher training to the Nepal Army officers or else acute sovereignty issues shall grip Nepal soon-the symptoms of which are being floated by some depraved brains at the behest of inimical forces¿

A weak Nepal is neither in the interest of China nor that of the next regional force Pakistan. Will China assist Nepal this time earnestly and prove itself a reliable partner. China once cheated Nepal on May 2015 when the country signed a bilateral trade route with India through Nepali landmass. A weak Nepal means beginning of troubles in its underbelly Tibet that adjoins Nepal fortunately. That's all. @telegraphnepal.com

# Smash And Grab

*By Sunanda Datta Ray*

Contd.... CHAPTER 7

The mystery was that after the one abortive attempt at deportation, the Cliogyal always treated Kazini with more than the consideration shown to the wives of other prominent Sikkimese. There were greeting cards at Christmas, warm replies to Kazini's occasional letters, and gracious courtesy when they chanced to meet. That was always his way, grumbled palace officials, who were sometimes obliged to take measures against the Sikkim National Congress; they were convinced too that their master would not have been half as affable if Kazini had not been European. Kind and sensitive though he was, with a deep pride in his country and its traditions, he yet seemed sometimes to trust suavely authoritative Indians more than the most devoted Sikkimese and any Westerner in preference to Indians. There were murmurs about the hospitality lavished on Indian army officers, the demands of not particularly exalted European guests, the demands of not particularly exalted. European guests, and about the Chogyals' graciousness to Karma. Topden's English wife. The durbar was baffled and never quite sure of how he really felt towards Kazini.

CHAPTER 8

Poised in Time

The old year was expelled and the new year ushered in with a pantomimic display; and a form of dance also played a part in the ritual concerned with the exorcizing of maligned spirits and the destruction of human enemies. The Earl of Ronaldshay, Lord of the Thunderbolts: Sikkim, Chumbie and Bhutan.

The contemporary polity of Sikkim is passing through a process of integration of tribalism, the lamaist traditionalism, and liberal democracy. Awadesh, Coomar Sinha, Politics, of Sikkim.

The Iron Dog year drew to an end with slow ceremony, the dances dragging out in a watery Himalayan sunshine. The light caught the Tsuk-la-khang's golden pinnacle, it glowed on the velvet and brocade of Bhutiya-Lepcha dignitaries, their kazinis dripping with turquoise and corals, and on the jewelled sarees of Indian wives. Nepalese officials wore jaunty embroidered caps, dark jackets, and white jodhpurs.

It had started early in the moraiflg, the Kagyet ritual unreeling like a slow motion film. The performers were all monks and acolytes from Pemayangtse. Their first number was the a-tas-ras, a frolic of nimbly leaping clowns, but it was followed by one ponderous presentation after another. Cavorting stags and rattling skeletons swooping birds, pounding yaks, and rolling waves of blood acknowledged Denzong's vivid imagery. Most were of fearsome aspect. The black-hat warriors massive in ornate masks and cascading robes, the thromo-tsog-len female deities symbolizing wrath accepting divine prasad, cymbal dancers, the tro-thromo spirits also depicting anger in male and female masks. An intense, exacting and, to the uninitiated, somewhat monotonous drama pausing only for sung-khor portraying the death of the evil demon, when the lamas chanted prayers rejoicing the victory of good over evil.

The Gyaimo, shimmering in silver and blue, stepped hastily back to escape any contamination from paper effigies of the dying year's sins as they were ritualistically burned. "It's terribly unlucky for the ashes to touch you," she whispered. "The Sikkimese were probably the first to invent the fall-out." Hope had reason to flee. For ancient superstition was reinforced in 1957 when Sangey Deki, the Chogyal's first wife, died six months after a scrap of charred paper from the horn fire fluttered to the edge of her kho. contd...



# राष्ट्रको महत्व बुझेनौं, चिनेनौं


डा. शास्त्रदत्त पन्त

नेपालको वनश्रोत

१.नेपालको वन हिमालसँग जोडिएको विशेष आकर्षणको क्षेत्र हो । यसको र वातावरणको संरक्षणमा वन तथा भूसंरक्षण मन्त्रालय, प्रकृतिक श्रोत संरक्षण अन्तरराष्ट्रिय युनियन, एकीकृत पहाड विकास केन्द्र, खतरामा परेका पशुपंक्षीको व्यापार कन्भेनसन, नेपाल पर्यटन बोर्ड, रामसार, युनेस्को, वेटलैन्ड इनभेन्टोरी, विश्व वन्यजन्तु कोष, प्रकृति संरक्षण राष्ट्रिय कोष, सिमसार दीगो संरक्षण आयोजन आदि भएर पनि राष्ट्रिय मूलनीति र सर्बाङ्गीण विकास....

पद्धतिको अभावमा पर्यटकीय र वन विकासका सबै अङ्ग असफल र असरल्ल छन् । बेथिति बढ्दो छ ।

२.फलत: वन विनाशबाट वातावरणमा अनेक नराम्रा असर परेका छन् । पर्यावरणीय सन्तुलन बिग्रेको छ । पानीका मुहान सुक्दै गएका छन्; मूल फुट्न बन्द भएका छन्; अतिवृष्टि, अनावृष्टि र खण्डवृष्टि हुदै गएको छ । वन, कृषि र ऊर्जामा रहेको अन्योन्याश्रित सम्बन्ध बिग्रेको छ । मौलिक गुणात्मक कृषिको नाश भएको छ । डढेलो, खोरिया खन्ने, सडक बनाएर भूस्खलन बढेकोछ । उर्वरा माटो बगेको छ । माटोको उर्वरा शक्ति र उत्पादकत्व घटेको छ ।

३. वन विनाशबाट जडिबुटीको पनि विनाश भएको छ । वनमा रहने पशुपंक्षी, कीराफट्याँग्राको पनि विनाश भएको छ । अन्तर निर्भर, इकोसिस्टिम खलबलिएको छ । वातावरणमा अनेक प्रदूषण थपिदिएको छ । प्रदूषणले मानिसको सोचमा पनि प्रदूषित बनाएको छ । अपराधिक भावना बढेका छन् । वनमा आधारित उद्योगधन्दाहरू रूघ्ण भएका छन् । बाढी र पहिरो बढ्दै गएकोछ । अपरिपक्व र भिरालोको मर्मनै बुझिएको छैन । आठ प्रतिशत नदी किनारका उब्जाउ भूभाग सिल्टिङ र आवास बसाएर बिनासिएका छन् । हिमाली भाग मरूभूमिकरण हुँदै गएको छ । यो प्रतिवर्ष १० हजार हेक्टरले बढेको छ । घर गोठमा काठको अभाव भएको छ । उत्पादकत्व घटेदै गएको छ । उत्पादकत्व बढाउने श्रम शक्ति खेर गएको छ जुन देशको लागि घाटा हो । क्षमतावान जनप्रतिनिधि र राष्ट्रिभावना भएका प्राविधिक नहुनु यस्को मुख्य कारण हो ।

धेरै उद्भिद वंश र चलायमान जातिहरूको विनाश छ जसले बाँच्ने अन्तर निर्भरताको श्रृङ्खलामा खलबल पुऱ्याएको । फलत: विनाशकारी जीवको संख्या बढ्दोछ र खेती फलफूल, पशुहरू घट्दा छन् । वनमारा, माइकेनिया निकारान्था, वेहाया जस्ता झारको बिगबिगी छ । गोबर र नल पराल बाल्न थालिएको छ । यसले बाली उत्पादनमा अझ नराम्रो असर पारेको छ । संसारका अरू देशमा नपाइने वन्यजन्तु, पशुपंक्षी, जडिबुटी, कीरा फट्याङ्ग्रा, रूख वृक्षको विनाश हुँदै जानु, मानवोपयोगी कतिपय वंशको विनाश हुनु, संजीवनी बुटीकै विनाश गरिरहेका हुन सक्छ ।

४.खोरिया प्रथा, रासायनिक मलको प्रयोग, अति चरिचराउबाट भूस्खलन, सिल्टिङ् र मरूभूमिकरण बढेको छ । रासायनिक मलले भूस्खलन बढेको छ, प्रति वर्ष ०.०२ प्रतिशतले उत्पादकत्व घट्दै गएको छ । नदी प्रदूषणबाट माछा र जलचरको विनाश भएको छ । वन्य जन्तुको नाशले प्राकृतिक संतुलन घटेको छ । चराचुरूङ्गीको संख्या घटेको छ, लोप हुँदै गएको छ । कीरा फट्याङ्ग्राको संतुलन बिग्रेको छ । प्रदूषण गराउने कल कारखाना बढेका छन् । रासायनिक मल, इन्सेक्टिसाइड र पेष्टिसाइडको प्रयोगले स्वास्थ्य र उत्पादकत्वमा नकारात्मक प्रभाव पारेको छ ।

गाउ विकास समितिलाई दिइएको अनुदान विकास रकमबाट देशभर गाउँगाउँ घरघरसम्म बुलडोजर प्रयोग गरेर मनपरि सडक खन्ने काम भएको छ । यसले देशलाई नै बर्बाद पारिरहेको छ । बाँकी भाग अरूहरू तरीकाबाट बगेका छन् । केवल डोल्पा र मुस्ताङमा मात्र १० हजार हेक्टर जमिनमा भूस्खलन भइसकेको छ । धेरथोर देशका सबै भागमा भइरहेको छ । प्रतिवर्ष कूल भूभागको ०.४ प्रतिशत भूभाग मरूभूमिकरण हुँदै गएको छ । नेपालको भूक्षय भएर जाने माटोसँगै नाइट्रोजन, फोस्फरस र पोटास पनि बगेर जान्छ । यो बगाइबाट मात्र ३.५ लाख टन रासायनिक मल बराबरको उर्वरा शक्तिको नोक्सान छ । त्यसको मूल्य अर्बौं रूपैया हुन आउँदछ ।

फेरि विद्यूतको सही उत्पादन र वितरण गर्न नसकेको कारण दाउराको खपत बढेको छ । सालिन्दा वनको क्षमता भन्दा ३१ लाख टन दाउराको कमी भएको छ । मानिसले गुइँठा र पराल बाल्न थालेकाले कृषि उत्पादनमा दश प्रतिशतसम्म ह्रास आएको छ । बालीनालीको उब्जा घट्न थालेको छ । यसै रहे केही दशकमा देशको वन वेमाख हुनेछ । वि.सं.२०४५ सालको भारतको नाकाबन्दीले समस्याको शरू भएको हो । अहिले बढेको छ ।

५. जङ्गल मासिनु भनेको वातावरण मासिनु हो । निजी वनका नाउँमा सरकारी वन मासिएका छन् । भारतको कारणले नेपालमा परेका वातावरणीय असर गंगा मैदानभरि भारतमा पनि पर्छ । भारतले बुद्धि पुऱ्याउन सकेका छैन । धर्मको मर्म नबुझेर आस्तिकतामा ह्रास आउनु, राजनीति दलले शक्तिलाई ब्रह्मलुटको अवसर ठान्नु र तरल राजनीतिको फाइदा उठाएर भारतका तस्कर सशक्त हुनु विनाशका कारण हुन् । दक्षिणको खुला सीमा पद्धतिलाई व्यवस्थित नगर्नं र उत्तरमा हिमाली राष्ट्रिय निकुञ्जको योजनालाई कार्यान्वयन गर्नं उक्त सबै समस्याको दीगो समाधा हो । वन व्यवस्थापनमा असफल नेपाल :

निकुञ्जहरू पर्यटन उद्योगका मेरूदण्ड हुन् । अठारवटा वातावरणीय प्याकेट भएको, जैविक विविधता र प्राकृतिक सम्पदाले भरिएको यो देशमा राष्ट्रिय निकुञ्जको हुनै सम्म महत्व हुन्छ । विद्यमान र प्रस्तावित निकुञ्जहरू, आरक्षणहरू र शिकार आरक्षणको पनि महत्व छ । योजना देखिदैन ।

नेपालको कृषि श्रोत

१.पौरस्थ्य समाजमा मुख्य आर्थिक श्रोत कृषि हो । यो निर्बाहमुखी मौलिक पद्धति हो । सरदर असी प्रतिशत रोजगारहरू यसैमा हुन्छन् । मुलुकको आत्मनिर्भरको क्षमता यसैमा हुन्छ । कृषि श्रोत भन्नाले कृषि पद्धति, कृषि प्रविधि, कृषि उत्पादकत्व र परिचालन, कृषि चक्र, कृषि धर्म पनि सामेल हुन्छ । यी सबै आत्मर्भिर हुने सिद्धान्तमा हुन्छन् । यो बलियो रहेसम्म नेपालको आर्थिक स्थिति चीनको भन्दा बलियो थियो, इण्डियाको भन्दा बलियो थियो । जब मेकाउलेको शिक्षा पद्धतिले पाश्चात्य ब्यापारमुखी कृषि आयात गरियो, देश यति तल गिर्दै गयो कि अब जनसंख्या घट्दा पनि कृषि पैदावार आयात गर्नं परेको छ । नेपालको गौरवमयी आर्थिक स्थिति पाश्चात्य अमिल्दो पद्धति आयात गरेकै कारण बिग्रेको छ । यसलाई पश्चिमी भौतिकउपभोक्तावादी कृषि र वैदिक समाजवादी कृषिलाई सजिलोसंग बुझाउन कृषि संस्कार, कृषि उद्योग र जीवनयापन कृषिवारे एउटा अनुभव प्रस्तु गर्न उपयुक्त ठान्दछु ।

२.सन् १९६७ सालको कुरा हो । म अमेरिकाको शिकागो शहरबाट न्युयोर्क गइहेको थिएँ । हवाइजहाजमा मेरो सिटको नजिकै एकजना अङ्ग्रेज पनि शिकागोबाटै न्युयोर्क जाँदै थिए । अमेरिकीहरूमा नेपाली जस्तो लामो गफमा गफिने, चाहिने-नचाहिने कुरामा समय बिताउने बानी हुँदैन । उनीहरू थोरै छोटोमिठो कुरा गर्न रूचाउँछन् । मसँगै बसेका उनी पेशाले वकिल रहेछन् । एउटा मुद्दामा बहस गर्न उनी न्युयोर्क जाँदै थिए । मलाई उनले कुन देशबाट आएको भनेर सोधे । मैले आफू नेपालबाट आएको बताएँ । त्यसपछि उनले अर्को प्रश्न सोधीहाले, “नेपालको सबभन्दा ठूलो उद्योग के हो ?” त्यसबेला नेपालमा औँलामा भाँचेर हाम्रो ठूलो उद्योग यो हो वा ठूलो व्यापार यो हो भन्नसक्ने अवस्था थिएन । म अन्काएर के भन्ने भनेर सोच्तै थिएँ । उनले बीचैमा कुरा काटेर भने - “नेपालको सबैभन्दा ठूलो उद्योग कृषि होइन र ?” म हो कि होइन के भन्ने दोधारमै थिएँ । किनभने हामीले नेपालमा कृषिलाई उद्योगको रूपमा मान्दै मान्दैनौं । अमेरिकनहरूले भने कृषिलाई उद्योगका रूपमा मान्दा रहेछन् । यत्तिकैमा हामी गन्तव्यमा पुग्यौं । उनी हतारमा आफ्नो बाटो लागे र म पनि आफ्नो पुग्नुपर्ने ठाउँतिर लागेँ । हाम्रो कुराकानी त्यत्ति मात्र भयो । तर उनले नेपालको सबभन्दा ठूलो उद्योग कृषि हो भनेर किन भने भन्ने कुरामा घोत्लिई रहेँ । किनकि नेपालमा कृषि उद्योग हैन, आजसम्म पनि होइन । उनले अमेरिकी शिक्षामा पढेको भरमा मात्र भनेका थिए । नेपाली कृषि संस्कार उनले बुझेका थिएनन् । उनले नेपालमा चाहिँ नब्बे प्रतिशत भन्दा बढी मान्छे कृषि व्यवसायमा आधारित छन् भन्ने नेपालको तथ्याँक पढेका भरमा भनेका थिए । त्यो तथ्याँक थाहा भएकै आधारमा उनले नेपालमा कृषिलाई सबैभन्दा ठूलो उद्योगका रूपमा रहेको बुझेको ठमयाएँ । उनले यसो भन्नुको कारण के भने उनी अमेरिकी कृषि संस्कारबाट परिचित थिए । त्यही दृष्टिकोणबाटै उनले नेपाली कृषि व्यवसाय पनि हेरेका रहेछन् । उनको त्यो कुराले मेरो जीवनपर्यन्त मेरो दिमागमा जरा गाडेर रहिरहेको छ । भौति बिज्ञान भन्दा संस्कार र संस्कृति जीवनमा कति ठूलो हुदो रहेछ भन्ने कुराले घत लाग्यो । किनभने कृषिलाई उद्योग व्यवसायमा गनिन्छ भन्नेकुरा मैले पढेकै थिइने, बुझेकै थिइन । ती अमेरिकनले प्राच्य संस्कार, सभ्यता र रहनसहन खथवा पूर्वलाई जानेकै थिएनन्, नेपाल बुझेकै थिएनन् ।

जब मलाई कृषि पनि उद्योग हुन्छ भन्ने थाहा भयने अनि पूर्व र पश्चिमको फरक बुझें मानवीय विश्व अनौठो लाग्यो । पूतान्तरणमात्र हैन संस्कारान्तरण झन ठूलो लाग्यो । म आफै कृषकको छोरा; म जन्मेदेखि उमेरसम्म प्रयोगात्मक कृषिलाई सानोसानो, सुक्ष्मतम रूपमै कृषिको निकटमै रहेर जीवन निर्वाह गरेको थिएँ ।

# स्वीट्जरलेण्ड भन्दा कम्ति छ र ? जुम्ला, खोई चिनेको ?



## चीनले समय बुझाउन समयबजी खुवायो

माओवादी केन्द्रको निमन्त्रणामा चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) का पोलिटिकल ब्युरो सदस्य युआन चियाचुन साउन ७ गते नेपाल भ्रमणमा आए । तर निम्तोकर्ता माओवादी अध्यक्ष तथा प्रधानमन्त्री इटलीतिर हिंडिसकेका थिए । उतैबाट उनले



भर्चुअल वार्ता गरेर परैबाट भाइचारा देखाए । चारदिन बस्दा पनि युआनले माओवादी अध्यक्ष भेटवार्ता गर्न पाएनन् र फर्किए । समयवोध गराएर गए ।

फर्कनुअघि उनले दिएको एक भोजमा नेपाली नेताहरूलाई समयबजी, फर्सीको हलुवा, लप्सीको अचार खान्की खुवाएर गए । अर्थात् माओवादीलाई चिनिया नेताले कूटनीतिक जोल्ट दिएर गएका छन् ।

बरू एमाले अध्यक्ष केपी ओलीले युआन चियाचुनलाई कोभिड अघि खोलिएका नेपाल-चीनवीचका सबै नाका खोल्न आग्रह गरेका थिए । चीनबाट आयात भएका ७ लाख बोरा मल, बिस्फोटक पदार्थ नाका नाकामा रोकिएका छन् । निर्माण कार्यमा प्रयोग हुने बिस्फोट पदार्थ भारतको दबाबमा रोकिएको हो ।

## चीनमा परराष्ट्रमन्त्रीलाई नै दण्ड

राष्ट्रपति सी चिनफिङका विश्वासपात्र मानिएका छिन काङ परराष्ट्रमन्त्री नियुक्त भएका थिए । सुराकी बेलुनकाण्डपछि एकाएक सतहबाट हराएका छिन काङ अहिले पनि रहस्यमय रूपमा हराएकै अवस्थामा छन् । उनलाई राष्ट्रपतिले परराष्ट्रमन्त्रीबाट बर्खास्त गरेर पहिलेकै वाङ यी ७ महिनापछि परराष्ट्रमन्त्री नियुक्त भएका छन् ।




चीनको मुखपत्र मानिने ग्लोबल टाइम्स पत्रिकाले छिनलाई किन बर्खास्त गरियो, छिन कहाँ के र कुन अवस्थामा छन्, खुलाएको छैन । छिन २५ जुलाईदेखि गुमनाम अवस्थामा रहेका छन् । उनको गुमनामीबारे अनेक टिकाटिप्पणी भइरहेका छन् ।

भारतले खानेपानी, गुम्बा, मन्दिर, स्कूल, कलेजमा सिधा आर्थिक सहयोग गरेझैं चीनले काठमाडौं कलंकीस्थित एलआरआई स्कूलमा नेपाल-चीन मैत्री कक्षा कोठाका लागि सहयोग गरेको छ । चीनले यो अभियानलाई अरू तीब्रता दिने बताइन्छ ।

## भारतको जस्तै चीनको भाइब्रान्ट भिलेज

दार्चुलाको गुन्जीलगायतका लिम्पियाधुरा क्षेत्रमा भारतको केन्द्रीय सरकारकै बजेटमा २ वर्षदेखि ‘भाइब्रान्ट भिलेज’ आयोजना लागू गरेर काम गरिरहेको छ ।




यही मोडलमा चीनले उत्तरी नाकाका गाउँहरूमा ‘भाइब्रान्ट भिलेज’ मोडल आयोजना लागू गरेको छ । नेपालका लागि चीनका राजदूत चेन सोङ ट्विटरमा लेख्छन्-

जुलाई २५, ***चीन-दक्षिण एसियाली देश गरिबी निवारण तथा विकास सहयोग केन्द्र***द्वारा नेपाल र दक्षिण एसियामा पहिलो “भाइब्रन्ट भिलेज” मोडेल परियोजनाको उद्घाटन जुलाई २४ मा ***सिन्धुपाल्चोकको कुघिण्डे***मा भएको थियो, जसले गरिबी निवारण र ग्रामीण विकासको नयाँ अध्याय खोलेको थियो ।

## भारत र सिंहमेव जयते

सत्यमेव जयते भन्ने भारतले सिंहमेव जयते नीति लिएको देखिन्छ ।




काठमाडौं । नेपालका सडक, जलविद्युतदेखि अनेक आयोजनामा ठेक्काको काम गरिरहेको र अनेक उद्योगमा लगानी बढाइरहेको चीनले आवश्यक विस्फोटक पदार्थ चीनबाट आयात गरे पनि भारतको कडा दबाबका कारण नेपालको रसुवागडी भन्सारले छाडेको छैन । ६ महिनादेखि विस्फोटक पदार्थ नेपाल नआउँदा चिनियाँ ठेकेदारी काम रोकिएको छ ।

भारत नदिने, चीनबाट आयातमा रोक लगाउने । नेपालमा १० दलीय शासन छ कि भारतीय ?

## चुनाव पर्यवेक्षण कि इसाई भेट

काठमाडौं । कम्बोडियाको निर्वाचन पर्यवेक्षण गर्न गएका एमाले अध्यक्ष फर्किसकेका छन् । सत्ताधारीको एकपक्षीय निर्वाचनमा के देखियो, यसबारे ओलीले मुख खोलेका छैनन् । ह्नोम्पेन्ह पोष्ट पत्रिकाले गत बुधवार नै लेखेको छ- हुन् सेन् ले १२५ स्थानमा १२० स्थान जितेका छन् । विरोधी फुन्सेनपेक दलले जम्मा ५ सिट जितेको छ । हुन्सेनले छिटै छोरालाई प्रधानमन्त्री बनाउनका लागि राजा सिहामोनीलाई राजी गराइसकेका छन् ।



समाचार सार्वजनिक भयो, जुन युनिभर्सल फाउण्डेसनले नेपालमा होलीवाइनको चक्कर चलाएको थियो, त्यही फाउण्डेशनको कार्यक्रममा पनि नेता ओली सहभागी भएका रहेछन् । एक तीर दो निसाना भनेको यही होला ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८०-८१
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८० साउन १६ Aug. 1, 2023






# हामीजस्ता जनताबाट केही हुँदैन

साउन १४ गते पूर्व नवयुवराजको २२औं जन्मोत्सव मनाइयो । राजभक्तहरूले मन्दिरमा पूजापाठ गरे, दिपप्रज्वलन पनि गरे । दीर्घायुको कामना गरे ।

यता राष्ट्रको हालत खराव छ । राज्यसञ्जाल नै भ्रष्ट बनेको छ । राष्ट्रियता र अखण्डता नै सिध्याउने खेल भइरहेको भान हुन्छ । नागरिकता विधेयक अनधिकृत रूपमा राष्ट्रपतिले प्रमाणित गरेर कार्यान्वयनमा जानासाथ तराईमा नेपालको नागरिकताको खरिदविक्री भइरहेको छ । एकातिर सिमाना साँघुरिने, अर्कोतिर नागरिकता विदेशीको हातमा पुग्ने, यो सबै नेपाल सिध्याउने खेल नभए के हो ?

नेता,पार्टीहरू विदेशीको दबाबमा परे, बिके । नेपाली जनताले यसतिर ध्यान दिनुपर्ने हो । कहीं कतै कसैले बिरोध गरेको सुनिदैन । कांग्रेस बैठकमा चिन्ता सुनिएन, प्रचण्ड इटली फर्केपछि के के भने ? ओलीले कम्बोडियाको निर्वाचनको पर्यवेक्षक भएर के देखे ? कोशी प्रदेशमा मुख्यमन्त्रीको रडाको छ । दिल्लीबाट फर्केकी माओवादी पम्फा भुसालले त्यहाँ कसकसलाई भेटिन् र कसरी प्रमको राजीनामा माग्ने ओलीलाई थचारिन् ? एमाले अब गृहमन्त्रीको राजीनामामा झरेको छ, के हुन्छ ? कांग्रेसी सांसद सुनिल शर्माले अर्थमन्त्रीले राजीनामा नदिए संसदमै आमरण अनसन बस्छु भन्नुको तात्पर्य के हो ? रास्वपा र राप्रपाले संसदमा बोलेका कुरामा अडानका साथ अड्लान् किन नअड्लान् ? सय किलो सुन तस्करी गर्ने नाइके को हो ? ललिता निवास जग्गाकाण्डमा कोको पक्राउ पर्लान् ? बाबुराम र माधव नेपाल जेल जालान् ? भुटानी शरणार्थी काण्ड यत्तिकै सेलाउला कि अनुसन्धानले केलाउला ? राष्ट्रवादमा उभिएका मेयर बालेन्द्र साहको मुद्दा के होला ? यस्तै प्रश्नमा समाज अल्झिएको छ । राष्ट्रियतामा खतरा कसैलाई मतलव नै देखिन्न । मिटरब्याजी काण्डले चर्चा पायो, देशको अस्तित्व खस्केकोमा चर्चा सुनिदैन ।

अब को प्रधानन्यायाधीश हुनछ ? यस्ता सेटिङका कुरामा लाग्नुभन्दा आमनागरिक, बुद्धिजीवी, चिन्तकहरू राष्ट्ररक्षाका लागि सडकमा उत्रनुपर्ने हो । आमनागरिकलाई यसतर्फ संगठित र प्रेरित गर्ने कोही छैनन् । हिजो बालुवाटार घेर्ने, माइतीघरमा उफ्रने, प्लेकार्ड प्रदर्शन गर्नेहरू कता हराए हराए । आइएनजीओ चलाउने अधिकारकर्मीलाई युक्रेनको चिन्ता छ, रूसको विरोध गर्छन्, नेपालको सार्वभौमिकताको रक्षा गर्न खातिर कोही अगाडि सर्दैनन् । किनकि यसमा डलर छैन । पैसा पाएपछि नेपाली सेनाको संख्या घटाउनुपर्छ भन्ने मुद्दा बनाँएर उठाउँछन् यिनीहरू ।

अचम्म, भ्रष्टाचारले गनाएकी डा.आरजु राणाको जयजयकार गर्न प्रतिस्पर्धा गरिरहेका छौं । यही परजीवीपन देखेर परचक्री हावी हुनसकेका हुन् । यही बुझेर सिंहदरवारदेखि पालिकासम्म जेमन्त गर्ने छुट पाइरहेका । कोही नबोल्ने, कसैलाई नबिझ्ने अनि मुलुक सिद्धिने नै भएन त ? नेतृत्वमा रहेका नैतिकहीन, जनताचाहिं बेफिक्र । भूराजनीतिका कारणले चनाखो हुनुपर्ने, लाटोकोसेरो बनेका छौं । कतै देखिएन संवेदनशीलता । चुनावका बेलामा रक्सी र मासुभात खायो, पैसा लियो अरू बेला नेताका अवांक्षित कार्यमा रमायो । यस्ता जनता भएपछि मुलुक बाँच्दैन । कोही कोही नेपालमा श्रीलंकाको जस्तो अवस्था ल्याउनुपर्छ भन्छन् । श्रीलंकामा शासक जनताले लखेटे, नेपालमा नेता लखेट्नु कोठे गफजस्तो लाग्छ । श्रीलंकामा जनता देशभक्त थिए, यहाँ सबै दूतावास र पार्टीका कार्यकर्ता छन् । थाहा छ नेता खराव छन्, भित्रभित्रै पिल्सिन्छन् बस्छन् । जनता आँखा उघार्न तैयार छैनन् ।

भ्रष्टाचारको रकमले दलालहरूको भातभान्सा चलेको छ । यसकारण कोही बोल्दैनन् । देश लुटेको थाहा छ, विद्रोह कोही गर्दैनन् । कसरी देश बाँच्न सक्छ । यो बेलामा नेपालीत्व बचाउने, नेपाली बाँच्ने र नेपाल बचाउनका लागि राजतन्त्रको आवश्यकता खड्किन थालेको छ । पूर्वराजा, आमजनता र सेना मिलेर अगाडि बढ्न जरूरी देखिन्छ । त्यसो भयो भने केही होला, नेपालीत्व बच्ला । अन्यथा भीरमा पुगेकोलाई राम राम भन्नेमात्र हो । अब पूर्वराजादेखि नेपाललाई मायाँ गर्ने जोकोहीले पनि आफ्नो मनोवल उच्च राख्न जरूरी छ । तबमात्र सुधार होला । अन्यथा...


## दुषित पानीका कारणले हुने रोगप्रति सजग रहौं

➢ फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्नसक्छ त्यसैले:

➢ खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।

➢ पानी उमालेर मात्र पिऔं ।

➢ उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।

➢ पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# चीन देखाएर भारत अमेरिकासँग सम्बन्ध



**प्रेम सागर पौडेल**
**नेपाल–चीन पारस्परिक सहयोग समाज**

प्रधानमन्त्री पुष्पकमल दाहालको अध्यक्षतामा रहेको माओवादी केन्द्रको निमन्त्रणामा नेपाल आएका चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) का पोलिटिकल ब्युरो सदस्य युआन जियाजुन स्वदेश फर्किएका छन् । नेपालमा चार दिने बसाईका क्रममा युआनले नेपाली नेताहरूलाई केही महत्वपूर्ण सन्देश दिएका थिए ।

साउन ७ गते (२३ साउन) श्रीलंकाबाट काठमाडौं आएको युआनको टोलीले काठमाडौं आइपुगेसँगै भेटघाटको कार्यक्रम सुरू गरेको छ । माओवादी केन्द्रले समन्वय नगरेपछि चिनियाँ पक्षले भ्रमणको समन्वय गरेको थियो । चिनियाँ टोलीलाई नेपाल भ्रमणको निमन्त्रणा दिएपछि माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री दाहाल आफू सहभागी हुन नपर्ने कार्यक्रममा सहभागी हुन साउन ६ (साउन ६ गते) इटाली पुगेका थिए ।

पछिल्लो समय सरकार अमेरिका र भारतसँग नजिकिँदै गएको छ । माओवादी केन्द्रले भारतको सत्तारूढ दल भाजपासँग सम्बन्ध विस्तार गरिरहेको छ भने प्रधानमन्त्री दाहाल अमेरिकासँग विशेष सम्बन्ध विस्तार गर्ने रणनीतिमा छन् । फलस्वरूप नेपालमा चीन विरोधी गतिविधि बढ्न थालेको छ । माओवादी केन्द्रको युआन भ्रमण रोक्ने विचार पनि यसै प्रक्रियाको कडी हो ।

इटालीमा हुने संयुक्त राष्ट्रसंघीय खाद्य प्रणाली शिखर सम्मेलनमा कृषिमन्त्री बेदुराम भुसालको नेतृत्वमा नेपाली प्रतिनिधि सहभागी हुने कार्यक्रम थियो । साउन ४ प्रधानमन्त्रीले सीधै मन्त्रिपरिषद्मा प्रस्ताव लिएर भ्रमणमा जाने निर्णय गरेका थिए । यसको पछाडिको एउटा कारण चिनियाँ नेताहरूसँगको भेटबाट टाढा रहनु पनि देखिन्छ । यसका बाबजुद चिनियाँ प्रतिनिधिमण्डलले नेपालमा केही महत्वपूर्ण सन्देश छोडेको छ ।

भ्रमणको व्यवस्थापन माओवादी केन्द्रले गरेको थियो । माओवादी केन्द्रले चासो मात्र नभई द्वारिका होटलमा पाहुनाको रूपमा पुग्यो । उनीहरूलाई चिनियाँ प्रतिनिधिले होटलमा स्वागत गरेका थिए । चिनियाँ प्रतिनिधिले माओवादी नेताहरूलाई रात्रिभोजमा राखेर सन्देश दिए, *“नेपालमा तपाईंहरूले चासो नदेखे पनि हाम्रा कार्यक्रमहरू अघि बढ्न सक्छन् । नेपाल हाम्रो असल छिमेकी हो । त्यसको ख्याल राख्नुपर्छ ।”* छिमेकीलाई बोलाएर घरबाट भाग्ने माओवादी शैलीलाई चिनियाँ प्रतिनिधिले घुमाउरो ढंगले भने, ‘तिमीले चाहेर पनि नेपालमा हाम्रो उपस्थिति घट्दैन ।

अर्कोतर्फ सो भेटमा माओवादीलाई अर्को सन्देश दिएको थियो, ‘नयाँ साथी खोज्दा पुराना साथीलाई सम्झनुहोस् ।’ चिनियाँ प्रतिनिधिले माओवादी केन्द्रका नेताहरूलाई समयबजी, फर्सीको खीर आदि परिकारले स्वागत गरेका थिए । लप्सीको अचार, नेपाली परम्परा र संस्कृतिप्रति चीन पूर्ण रूपमा जानकार रहेको सन्देश दिएको छ । युआन र प्रधानमन्त्री दाहालबीच भर्चुअल भेट चाहिं भयो ।

प्रतिनिधिमण्डलले राष्ट्रपति रामचन्द्र पौडेल, कार्यवाहक प्रधानमन्त्री पूर्णबहादुर खड्कासँग शिष्टाचार भेट गरेको थियो । साउन ८ सोमबार नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवासहित छलफल भएको थियो । मंगलबार बेइजिङ जानुअघि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भेटवार्ता भयो । भेटमा युआनले सन् २०१९ मा चिनियाँ राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणका क्रममा भएका सहमति र सम्झौताको कार्यान्वयनमा जोड दिएका थिए । सीको भ्रमणका क्रममा बीआरआईको ढाँचाअन्तर्गत बहुपक्षीय कनेक्टिभिटी नेटवर्क निर्माण गर्ने सम्झौता भएको थियो । रेल, सडक, हवाई यातायात, सञ्चार, बन्दरगाह, आदि माध्यमबाट हिमालय पार गरेको नेपालले अहिलेसम्म कुनै चासो देखाएको छैन ।

अमेरिकाले मात्रै होइन भारतले पनि नेपालमा चिनियाँ लगानीका परियोजना अगाडि नबढाउन दबाब दिइरहेको छ । भारतले यसअघि नै नेपालबाट चिनियाँ र पाकिस्तानी लगानीबाट उत्पादित जलविद्युत नकिन्ने घोषणा गरिसकेको छ । तामाकोसीको बिजुली चिनियाँ ठेकेदारले बनाएको भन्दै भारतले किन्न मानेन । यस्तो अवस्थामा सरकारले



भारत र अमेरिकाको पक्षमा काम गरिरहेको देखिन्छ । एमसीसीको प्रसारण लाइनलाई अन्तर्राष्ट्रिय प्रसारण लाइनमा परिणत गर्न भारत सहमत भएको छ । त्यसैले नेपालमा सरकारी तहबाट चिनियाँ आयोजना अगाडि बढ्ने सम्भावना नरहेको अवस्थामा युआनको नेतृत्वको उच्चस्तरीय चिनियाँ टोलीको ध्यान बीआरआईलाई अगाडि बढाउने र सचेत गराउनेतर्फ बढी केन्द्रित भयो । अमेरिकी-भारतीय प्रभावको क्षेत्रमा जाने दलहरू । बैठकमा एउटा र व्यवहारमा अर्कै गर्ने नेपाली नेताहरूको बानीले गर्दा समस्या समाधान हुने सम्भावना देखिँदैन ।

चिनियाँ प्रतिनिधि बाहिरिएसँगै माओवादी नेताहरूले एमालेसँग हात मिलाउन सुझाव दिएको बताउन थालेका छन् । माओवादी आगामी निर्वाचनमा पनि कांग्रेससँग मिलेर जाने सोचमा छ । यो सोच अमेरिकाकै कारण पूरा हुने विश्वास उनीहरूको छ । त्यसैले चीनलाई देखाएर अमेरिका र भारतसँगको सम्बन्ध सुदृढ गर्ने एजेन्डामा उनीहरू अडिग र स्पष्ट छन् ।

# भदौ १५ बाट एमसीसी कार्यान्वयन हुन्छ ?

जग्गाप्राप्ति, रूख कटान र ठेक्का सम्झौताजस्ता पूर्व तैयारी काम सकिएका छैनन् । आगामी अगस्तदेखि नै इन्ट्री इन्टु फोर्सका साथ कार्यान्वयनमा जाँदा जोखिमपूर्ण हुने अनुमान गरिदैछ ।

पूर्व तैयारी नभई कार्यान्वयनमा जाँदा एमसीसी अर्थात एमसीए नेपालमार्फतको अमेरिकी अनुदान फिर्ता जानसक्ने पनि केहीको विश्लेषण रहेको छ ।

एमसीए नेपालका अधिकारी भन्छन्- एमसीसी अनुमोदन गर्न संसदमा लैजानुपऱ्यो । अरू सम्झौता लानु नपर्ने यो पर्ने किन ? भनेर चर्को विवादहरू भए । अनुमोदनपछिका डेढवर्षमा धेरै कुरा मत्थर भएका छन् । एमसीसी जनताको गाँस बास कपास र देशको उन्नतिसँग जोडिएको विषय भनेर बुझ्न थालेका छन् । पहिलेजस्तो अहिले एमसीसी गो होम, चाहिदैन भनेको सुनिदैन । पूर्वाधार आयोजनामा जोखिम हुन्छ, जोखिम सरलीकरण गर्दै जानुपर्छ ।

प्रशारण लाइनको रेखांकन, सडक निर्माण, दाङसहितका ११ जिल्लामा खासै समस्या छैन । के कसरी काम हुन्छ, जनतालाई बुझाएर अघि बढेका छौं । राजधानीको लप्सीफेदी, दाङको भालुवाङमा राजनीतिकरण गरेर जस्तो विरोध थियो, त्यो मत्थर भइसकेको छ । बहस भयो, बिरोध भयो, यसबाट सुन्नै नचाहने, बुझ्नै नचाहने जनताले सुन्न, बुझ्न पाए । मुख्य अधिग्रहण जटिल प्रकृया हो, स्थानीय प्रशासनमार्फत यो सहज हुने विश्वास छ । जग्गा अधिग्रहण, ३१५ किलोमिटर वन क्षेत्रमा रूख गणना र कटान कानुनअनुसार नै हुनेछ, जोखिम न्यूनिकरण हुँदै जाने विश्वास छ ।

अर्को कुरा ठेक्का प्रकृयामा चिनियाँ वा अन्य मुलुकका कम्पनी आएनन्, भारय ६ कम्पनी आए । ती पनि नेपालमा विभिन्न ठेक्का गरेका र राम्रो काम नगरेकाहरू नै छन् । यो आश्चर्य हो । नेपालको राष्ट्रिय गौरवको यो आयोजनाप्रति सबै पार्टीको पूर्ण सहयोग छ ।

दाना-कुश्मा लाइन, मर्स्याङ्दी-काठमाडौं र बर्दघाट-न्यू बुटवल लाइनमा मुद्दा परेका छन् । यसमा अध्ययन गरिरहेका छौं । प्रसारण लाइनले प्रभाव पार्ने स्थानीय तहका ९६ वडामा ठड्याइने टावरमा के कस्ता समस्या आउने छन्, अध्ययन हुँदैछ । भावी समस्या हेरेर अघि बढ्ने हो, ५ वर्षभित्र परियाजना सक्ने हो ।

MILLENNIUM CHALLENGE ACCOUNT NEPAL

परराष्ट्रमन्त्रीले बीआरआई कार्यान्वयनमा नगएको बताएका छन् । एमसीसी अगस्टदेखि कार्यान्वयनमा जाने बताएपछि चीनको मनमा चिसो पसेको छ । राजदूतले बीआरआइ अन्तर्गतको पोखरा विमानस्थल भनेको विषय पनि गलत सावित भएको छ ।

एमसीसी अन्तर्गत रातमाटे-लप्सीफेदी-हेटौंडा-न्यू दमौली-न्यू बुटवल खण्डमा प्रसारणलाइन र रातमाटे, न्यू दमौली र न्यू बुटवलमा सबस्टेसन बन्दैछन् । दाङको भालुवाङदेखि बाँकेको सीमा शिवखोलासम्म ७७ किलोमिटर सडकको स्तरोन्नति गरिदै छ ।









बीआरआई पोखरा आयो